का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १८, अंक १५८
❒ २८ साउन २०७७, बुधबार
❒ 12 August 2020, Wednesday
www.madhyanhadaily.com
पृष्ठ ८ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक

**अपडेट: मंगलबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | २३९४८ जना | १६६६४ जना | ४६२६९८ जना | ७२०१ जना | ८३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २ करोड ३ लाख १८ हजार | १ करोड ३२ लाख ४२ हजार | ७ लाख ४० हजार | ६३ लाख ३५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# संक्रमणबाट ८३ को मृत्यु आईसीयूमा ८५ जना

■उपत्यकामा एकै दिन थपिए १३४ संक्रमित, थप ६३८ जनामा संक्रमण पुष्टि ■अख्तियारका प्रमुख आयुक्तलाई नै संक्रमण पुष्टि



कोभिड(१९ को  कारण श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा मङ्गलबार सुनसान  देखिएको ललितपुरको पाटन दरबार क्षेत्र । तस्बिर: रोशन सापकोटा

संक्रमित दर उच्च संख्यामा बढ्दै गएको छ । मंगलबार एकै दिन ६३८ जनामा संक्रमण पुष्टि भएकोमा सवैभन्दा बढी काठमाडौंमा १२१ जनामा संक्रमण पुष्टि भयो ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नबिन घिमिरेलाई कोभिड-१९ संक्रमण पुष्टि भएको छ । अख्तियार स्रोतका अनुसार, मंगललबार प्रमु आयुक्त घिमिरेमा संक्रमण पुष्टि भएको हो । केही दिन अगाडि उनको सुरक्षार्थ खटिएका सात सुरक्षाकर्मीमा संक्रमण पुष्टि भएको थियो । आफ्नो सुरक्षार्थ खटिने प्रहरीमै संक्रमण पुष्टि भएपछि प्रमुख आयुक्त घिमिरे आइसोलेसनमा छन् ।

अख्तियारमा प्रमुख आयुक्त, सुरक्षाकर्मी सहित ४१ जनामा संक्रमण पुष्टि भएको छ । यसअगाडि प्रदेश-२ का आन्तरिक मामला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवलाई संक्रमण पुष्टि भएको थियो । पर्साका सांसद प्रदीब यादव पनि संक्रमित भएका थिए । उनी भने निको भइसकेका छन् । धेरै प्रभाव देखिएको पर्साको वीरगञ्ज महानगरपालिकाका मेयर सहित सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, सर्वसाधरणमा संक्रमण पुष्टि भएको थियो । प्रहरी प्रधान कार्यालय नक्सालमा समेत ठूलो संख्यामा प्रहरीहरु संक्रमित देखिएका थिए ।

गएको साउन ७ गते लकडाउन अन्त्य भएपछि भने संक्रमित दर अझ धेरै थपिदै गएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमण दर र जोखिम बढेर गएको बताएको छ । मंगलबार राजधानी उपत्यकामा मात्रै थप १३६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । त्यस मध्ये काठमाडौंका १२१, ललितपुरका १२ र भक्तपुरका सात संक्रमित छन् ।

### ■थप चारको मृत्यु

कोभिड-१९ बाट पछिल्लो २४ घण्टामा थप चार जनाको मृत्यु भएको छ । मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतमले धनुषा, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका गरी थप चारको मृत्यु भएको बताए । मृत्यु हुनेमा धनुषाका ५० र ६० वर्षीय पुरुष रहेका छन् । त्यस्तै काभ्रेका ५० वर्षीया महिला तथा सिन्धुपाल्चोकका ८४ वर्षीय पुरुष छन् ।

मंगलबार संक्रमित हुनेको संख्या समेत बढेको छ । मंगलबार थप ६३८ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ । २४ घण्टामा १० हजार ४६२ जनामा गरेको पिसिआर परीक्षण गरिएको थियो ।

पछिल्लो २४ घण्टामा बाँकी पृष्ठ २ मा



कृष्णष्टमी पर्वका अवसरमा मंगलबार कैलालीको घोडाघोडी-१ सुखड्मा भगवान् कृष्णको पोसाकमा सजिएर मख्खन खाँदै एक बालक । यस वर्ष यो पर्व महामारीका कारण प्रभावित बनेको छ । तस्बिर: प्रकाश मिश्र

# झनै बढ्यो किचलो

■बरिष्ठ नेता पौडेलको सात बादै प्रस्ताव ■विभाग विघटन गर्न केन्द्रीय सदस्यहरुको माग

महाधिवेशन नजिकिदै जाँदा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसभित्रको विवाद झनै चर्किएर गएको छ । सभापति शेरबहादुर देउवाले गठन गरेको विभाग विघटनकै माग केन्द्रीय सदस्यहरूले गरेका छन् भने बरिष्ठ नेता पौडेलले सात बुँदे प्रस्ताव पेश गरेका छन् ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन ।

महाधिवेशन नजिकिदै जाँदा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसभित्र किचलो झनै बढेर गएको छ । सभापति शेरबहादुर देउवाले एक्लौटी रुपमा विभाग संख्या २८ बाट बढाएर ४७ बनाएको र विभागमा पदाधिकारी सहित सदस्यहरुको मनोनयन गरेपछि विवाद बढेर गएको छ ।

वरिष्ठ नेता रामचन्द्र पौडेलले काँग्रेस पुनर्जागरणका लागि सातबुँदे प्रस्ताव अगाडि सार्नुभएको छ । वरिष्ठ नेता पौडेलले सोमबार सातबुँदे प्रस्ताव अगाडि सार्दै पार्टीलाई नवजीवन दिनका लागि 'निमुखालाई न्याय र विपन्नलाई आय' साकार पार्न कर्मशील काँग्रेसको निर्माण गर्नुपर्ने



बताएका हुन् । उनले सैद्धान्तिक विचलन नभएको स्वच्छ छवि, देशभक्ति र फराकिलो राष्ट्रवादी विचारले काँग्रेस बलियो हुने बताए ।

संसद, सडक र बस्ती-बस्तीमा भरोसाको केन्द्र काँग्रेस बनाउने आफ्नो दृष्टिकोण रहेको भन्दै न्याय, पारदर्शी मूल्याङ्कन र बाँकी पृष्ठ २ मा

## मलेसियामै उठ्यो

# सुरक्षागार्डप्रति सम्मानको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

केही दिनअघि मलेसियामा एक नेपाली सुरक्षागार्ड कुटपिटमा परेपछि त्यहाँ कार्यरत नेपाली सुरक्षागार्डहरु मलेसियाका सभ्रान्त भनिने दातो तथा उनीहरुका ड्राइभरबाट सताइने गरेको तीतो यथार्थ बाहिर आएको छ । खासगरी कोरोना भाइरस सक्रमणका लागि सुरक्षागार्डले निभाउनुपर्ने जिम्मेवारीका कारण उनीहरु मलेसियाका उच्च वर्ग भनिने दातोहरु तथा उनीहरका सवारी चालकहरुको निशानामा परिरहेको बताइएको छ ।

मलेसियाका सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालमा चर्चित बनेको नवलपरासीका ईस्लाम हुसेन माथिको कुटपिट प्रकरण एक महिलामाथि अभद्र व्यवहार गरेको गम्भीर आरोपमा मोडिएको छ । घटनाको छानविन गरिरहेको मलेसियन प्रहरीले त्यहाँको अपराध संहिताको दफा ३५ तथा ३५४ आकर्षित भएको बताएको छ । अनुसन्धानको परिणाम थाहा पाउन केही दिन कुर्नुपर्ने छ । तर उक्त कुटपिटको घटनालाई गम्भीरताका साथ लिइनुपर्ने मलेसियाका गैरसरकारी संस्थाहरुमा क्रियाशिलहरुको भनाइ छ । द एशोसिएसन फर कम्युनिटी एण्ड डायलगका सचिव रोनाल्ड बेन्जामिन नेपाली सुरक्षागार्डमाथि भएको दुर्व्यहारको मलेसियाको सबै पक्षले निन्दा गर्नुपर्ने बताउँछन् ।

उनी भन्छन्, 'घटना हुनुको कारण स्पष्ट नभए पनि मलेसियामा सुरक्षागार्डलाई कस्तो व्यवहार गरिन्छ भन्ने यो घटनाले प्रष्ट पार्दछ ।' मलेसियामा सुरक्षा गार्डहरूले विभिन्न जोखिमहरूको सामना गर्नुपर्ने भन्दै उनले कहिलेकाहीँ बेइमान र असभ्य चालकहरूसँग प्रतिरोध गर्नुपर्ने, अपार्टमेन्ट तथा होटेलहरूमा हुने चोरी र तोडफोडबाट जोगाउन तोकिएका सुरक्षाका मापदण्डहरु प्रतिकुल अवस्थामा पनि पालना गर्न दृढ हुनुपर्ने अवस्था रहको बताए । स्थानीय मलेसियनहरुले हिंसक व्यवहार देखाउँदा आप्रवासी हैसियतमा रहेका नेपाली सुरक्षागार्डहरु सहयोगी संरचना र संरक्षणको अभावका कारण स्वाभाविक रूपमा कमजोर र रक्षात्मक अवस्थामा हुने उनको भनाइ छ ।

कोरोना भाइरस संक्रमण नियन्त्रणको अहिलेको अवस्थामा होटल तथा अपार्टमेन्टहरुमा प्रवेश गर्ने आगन्तुकहरुको शरिरको तापक्रम जाँच गर्ने, उनीहरुको आवागमनबारेमा विस्तृत विवरण रजिष्टरमा उल्लेख गर्नुपर्ने अवस्थामा आफुलाई उच्चवर्ग र सभ्रान्त देखाउने कतिपय आगन्तुकहरुले व्यक्तिगत ईगो राखेर समेत व्यवहार गर्ने गरेको बेन्जामिनको भनाइ छ । खासगरी पार्किङको बुकिङ नगरी आउने दातोहरुका सवारी चालकले होटलहरुमा पार्किङका लागि जसरी भएपनि ठाउँ खाली गराउन रुखो शैलीमा व्यवहार देखाएर दवाब दिने बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# सरकारले घटायो उद्धार गरिने कामदारको कोटा

काठमाडौं/मस- सरकारले वैदेशिक रोजगारबाट उद्धार गर्ने कामदारलगायतको कोटा निर्धारण गरेको छ । यसअघि दैनिक १५ सय जनासम्मलाई उद्धार गरिएको अवस्थामा सोमबारबाट ५ सय जनामात्र स्वदेश आउन पाउने निर्णय भएको छ । सरकारले हालसम्म ४९ हजार ८ सय ३१ जनाको उद्धार गरेको छ ।

सरकारले विदेशस्थित नेपाली दूतावासहरुको सिफारिसमा ३ सय र वैदेशिक रोजगार बोर्ड अन्तर्गतको वैदेशिक रोजागार कल्याणकारी कोषबाट खर्च व्यहोर्ने गरी २ सय गरेर जम्मा ५ सय जना कामदारलाई उद्धार गर्ने भएको हो । अधिकांश कामदार भदौ १ गतेपछि व्यवसायिक उडान शुरु हुने र घर फर्किन पाइने आशमा रहेका थिए । तर सरकारले स्वदेश फर्काउने कामदारको संख्या सिमित गरेपछि घर फर्किने तीव्र चाहनामा रहेका विदेशस्थित कामदारहरु बाँकी पृष्ठ २ मा

# नाटकीय शैलीमा हत्या

**काठमाडौं/रासस-** काठमाडौंको गोङ्गबुमा यही साउन २५ गते रोल्पाका कृष्णबहादुर बोहराको बीभत्स हत्याकाण्डका रहस्यको केही पाटो सार्वजनिक भएको छ । एक महिलाले स्लिपिङ ट्यावलेट खुवाइ लठ्ठिएपछि हम्मरले अण्डकोषमा हानेर बोहराको बीभत्सरुपमा हत्या गरेको खुल्न आएको छ ।

महानगरीय प्रहरी परिसर र महानगरीय अपराध नियन्त्रण महाशाखाले गरेको प्रारम्भिक अनुसन्धानमा पूर्वीचितवनकी कल्पना मुडभरी पौडेल एक्लैले ती पुरुषको हत्या गरेकी हुन् । शव व्यवस्थापनमा भने उनले आफ्नै छोरीलाई साथ समेत लिएको खुलेको महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले जानकारी दिए ।

जोजो नामको कुकुरको सहयोगमा अनुसन्धान गरिएकाले प्रहरीले उक्त घटनाको अनुसन्धानलाई 'जोजो अपरेशन' नाम दिएको छ । घटना यही साउन २४ गते रातिको हो । साउन २५ गते बिहान ०७ बजे काठमाडौंको टोखा नगरपालिका-१० गोङ्गबुस्थित नवज्योति मार्गमा कालो रङ्गो सुटकेशभित्र रगत जस्तो पदार्थ बगिरहेको भन्ने जानकारी प्राप्त भएपछि परिसर र महाशाखाबाट अनुसन्धानका लागि टोली खटिएको थियो । उक्त सुटकेश खोलेर हेर्दा भित्र टाउको र खुट्टा नभएका अवस्थामा शव फेला परेको थियो ।

### जो-जो अपरेसन

घटनाको अखनुसन्धानका क्रममा चितवनको कालिका नगरपालिका-७ घर भई हाल टोखाको सोही क्षेत्रमा बस्ने ३७ वर्षीया मुडभरीले घटना गराएको रहस्य खुलेको थियो । प्रहरीले साउन २६ गते नै उनलाई चितवन प्रहरीका सहयोगमा माइतीमा रहेका बेला कालिका नगरपालिका-९ शक्तिखोरबाट बाँकी पृष्ठ २ मा

# २ सय बढी संक्रमित भएका जिल्लामा आवतजावत बन्द

**काठमाडौं /एनएएन-** सरकारले २ सय भन्दा बढी कोरोना भाइरस सक्रिय संक्रमित भएका जिल्लामा आवतजावत बन्द गरेको छ ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो । मंगलबार सरकारका प्रवक्ता अर्थ तथा सूचनामन्त्री डा.युवराज खतिवडाले सरकार लकडाउनको अवस्थामा नफर्किएको बताउँदै २ सय भन्दा बढी सक्रिय संक्रमित भएका जिल्लामा आवतजावत बन्द गरिएको बताए ।



काठमाडौं उपत्यकाका तीन जिल्लाबाहेकका जिल्लामा सो नियम लागु हुनेछ । ती जिल्लामा आवातजावत गर्नुपरेमा सम्बन्धित स्थानीय प्रशासनको अनुमति लिनुपर्नेछ । जिल्ला प्रशासन कार्यालयले पनि कारण खुलाएर अत्यावश्यक कामका लागि मात्रै पास जारी गर्नुपर्ने छ । यस्तै काठमाडौं उपत्यकाका सरकारी र गैह्र सरकारी निकायहरु बैंक सहकारी, लघुवित्त, वित्तीय संसंस्था लगायतका जनतासँग प्रतक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय एवं संघसंस्थाहरुले विद्युतिय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई घरमै बसेर काम गर्न सक्ने व्यवस्था गर्ने निर्णय पनि सरकारले गरेको छ । त्यस्तै अनलाइनबाट कार्य गर्न सम्पर्क नहुने र बढी जनसम्पर्क हुने कार्यालयहरु अर्को निर्णय नभए सम्मका लागि स्थगित गर्ने निर्णय समेत गरेको छ ।

अत्यावस्यक बाहेक कुनैपनि प्रकारका बैठक, समिक्षा, सेमिनार बैठक, भेला गर्ने कार्यहरु नगर्ने र नगराउने निर्णय समेत सरकारले गरेको छ ।

धार्मिक स्थलमा दैनिक नित्य पूजा बाहेक अन्य कुनै गतिविधि नगर्ने निर्णय समेत गरेको छ । दैनिक उपभोग्य लगायतका वस्तु लगायत पुर्वाधार निर्माणमा आवस्यक सामग्री ढुवानी गर्दा चलक सहचालक तथा अन्य व्यक्तिले स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना नगरेको देखिएकोले मास्क स्यानिटाइजर जस्ता न्यूनतम सामग्रीहरुको पालना गर्नुपर्ने र नगरेमा तत्काल कारबाही गर्ने निर्णय समेत गरेको छ । शैक्षिक संस्थाहरु, सभा, गोष्ठि, तालीम, सिनेमाहल, डान्सबार, सैंलुन, ब्युटिपार्लर, स्वीमिङपुल, खेलकुद र खेल मैदानमा हुने प्रस्तुति, धार्मिक र समाजिक स्थाल, चिडियाखाना, पुस्तकालय निशेध कै अवस्थामा रहेको र सम्बन्धित मन्त्रालयबाट अनुगमन गरी मापदण्ड उलङ्घन गर्नेहरुलाई कारबाही गर्ने निर्णय समेत सरकारले गरेको छ ।

यस्तै फुटपाथ खुल्ला ठाउँमा सञ्चालन भइरहेका ठेलागाडा साइकलमा गरिका व्यापार, तरकारी, फलफुल, खाद्यान्न, लत्ताकपडा लगायतका खुद्रा व्यापार व्यवसाय एवं कवाडी संकलनजस्ता कार्य जथाभावी रुपमा सञ्चालन हुन नदिने र त्यो कार्यलाई समबन्धित स्थानीय प्रशासनले निषेध गर्ने निर्णय समेत गरेको छ ।

उद्योग कलकारखाना व्यवसाय गर्ने सञ्चालकले उद्योग कलकारखाना तथा सार्वजनिक निजी निर्माणको परिसर भित्रै सुरक्षित रुपमा श्रमिक लगायतको जनशक्तिलाई व्यवास्थापन गर्ने व्यवस्था मिलाउनुपर्ने निर्णय समेत गरेको छ ।

सोती घटनाका मृतकका परिवारलाई प्रतिपरिवार १० लाख

सरकारले रुकुमपश्चिम सोती घटनाका मृतकका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ राहात दिने भएको छ ।

सोमबारको मन्त्रिपरिषद बैठकले पश्चिम रुकुमको सोतीमा भएको घटनामा हत्या गरिएका व्यक्तिका परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँ दिने निर्णय गरेको हो ।

गत जेठ १० गते पश्चिम रुकुमको चौरजहारी ८ सोतीमा भएको घटनामा ज्यान गुमाएका परिवारलाई प्रतिपरिवार १० लाखका दरले राहात दिने निर्णय भएको प्रवक्ता डा. खतिवडाले बताए ।

घाइतेहरुको सम्पूर्ण खर्चपनि सरकारले व्यहोर्ने निर्णय भएको छ । घटनामा जाजरकोटको भेरी नगरपालिका ४ का नवराज विक, गणेश बुढामगर र संजीव विकको हत्या भएको थियो । यस्तै भेरी ११ का लोकेन्द्र सुनार र गोविन्द शाही तथा रुकुमको चौरजहारी १ का टिकाराम नेपालीको हत्या भएको थियो । घटनामा भेरी ४ का लालबहादुर खड्का, मदन शाह, सरोज भडेल, आशिष विक, सुदिप खड्का घाइते भएका छन । यस्तै भेरी ३ का विभाग पुन, इन्द्रगंज शाही, भेरी १३ का भोला विसी, भेरी ११ का गोविन्द सुनार, भेरी ३ का महेश कार्की, सल्यानको कुमाख ४ का डिल्ली विक र बाँकेको राप्ती सोनारी ४ का सुनिल सुनार घाइते भएका छन ।

## संक्रमणबाट...

१७१ जना कोरोना जितेर डिस्चार्ज भएका छन् । यससँगै हालसम्म कोरोना संक्रमण मुक्त हुनेको संख्या १६ हजार ६६४ पुगेको छ। सक्रिय संक्रमित संख्या सात हजार २०१ पुगेको छ ।

आइसोलेनसमा रहनेको संख्या २२४ रहेको छ । आइसियुमा ८५ संक्रमित छन् । यी मध्ये तीन जना भेन्टिलेटरमा रहेको मन्त्रालयले जनाएको छ । देशभर आइसियु श्यया जम्मा ११ हजार ३४ र भेन्टिलेटर जम्मा ५७६ रहेको मन्त्रालयले जनाएको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले प्रदेशमा कोरोना भाइरस संक्रममण बढे पनि लकडाउन (बन्दाबन्दी) गर्नुपर्ने अवस्था नरहेको बताएका छन् । नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २१ औं स्थापना दिवसका अवसरमा फोनिज गण्डकीले आयोजना गरेको 'कञ्चन पत्रकारिता पुरस्कार, अक्षयकोष घोषणा तथा पुरस्कार वितरण' समारोहमा उहाँले नागरिकस्तरबाट सचेतना अपनाउँदा धेरै हदसम्म संक्रमण नियन्त्रण हुने बताए ।

## झनै...

निष्पक्षता पार्टी एकताको आधार हुने उल्लेख गरे । वरिष्ठ नेता पौडेलले लोकतान्त्रिक समाजवाद, समुन्नतिका आधार, हाम्रो बसोवास, व्यवस्थाको प्रश्न, सामाजिक-धार्मिक सद्भाव र परराष्ट्र सम्बन्धबारे आफ्नो दृष्टिकोण अगाडि सारे ।

उत्पादनमुखी अर्थनीति, गाउँमुखी विकास र जनमुखी शासन आवश्यक रहेको भन्दै युवा केन्द्रित रोजगारी सिर्जना गर्नुपर्ने बताए । प्रविधि प्रयोग गरी दक्ष नागरिक निर्माण गर्ने, स्वच्छ पानी, हावा र खुल्ला मैदानसहितको सुरक्षित बस्ती निर्माण गर्ने बताउँदै उहाँले ७० वर्षको सङ्घर्षबाट प्राप्त बहुलवादमा आधारित संसदीय समावेशी प्रणालीको जगेर्ना, समाजमा हरेक समूहबीच सहकार्य तथा नेपालको अखण्डता र स्वाभिमानको रक्षालाई अगाडि बढाउनुपर्ने बताए ।

मंगलबार नै युवा नेताहरुले पार्टीका केन्द्रीय विभाग गठनप्रति ध्यानाकर्षण भएको जनाएका छन् । एक दर्जन युवा केन्द्रीय सदस्यले संयुक्त विज्ञप्तिमार्फत महाधिवेशन सम्पन्न भएको दुई महिनाभित्र गरिनुपर्ने विभाग गठन कार्यकाल समाप्त भइसकेपछि गरिएको भन्दै उनीहरुले उक्त निर्णय कसरी वैधानिक र उपयुक्त हुने उल्लेख गरेका छन् ।

काँग्रेसको १४औं महाधिवेशनको मिति तोकिसकेपश्चात् विभिन्न नियुक्ति गर्नु निर्वाचन आचारसंहिताको ठाडो उल्लङ्घन भएको उल्लेख गर्दै उहाँहरुले विभाग गठनका कार्य तत्काल रोक्न र गठन गरिएका औचित्यहीन विभाग खारेज गर्नुपर्ने माग गर्नुभएको छ ।

पार्टीका केन्द्रीय सदस्य डा चन्द्र भण्डारी, धनराज गुरुङ, कमला पन्त, गगन थापा, गुरुराज घिमिरे, बद्री पाण्डे, रत्ना शेरचन, जीवन परियार, प्रदीप पौडेल, सरिता प्रसाईं, रामकृष्ण यादव, किरण यादवले विज्ञप्तिमार्फत पार्टी सभापति विधानको संरक्षक, पालक र कार्यान्वयनकर्ताको भूमिका निर्वाह गर्न आग्रह गर्नुभएको छ । उहाँहरुले समयको पदचाप, पार्टीका साथीहरुको चाहना, नयाँ पुस्ताको आकांक्षा, राष्ट्रप्रतिको दायित्व र इतिहासको आवश्यकतालाई नेतृत्वले महसुस गरी अघि बढ्नपर्ने आग्रह गरेका छन् ।

## सुरक्षागार्डप्रति....

गरेको आफ्नै आँखाले देखेको उनले उल्लेख गरेका छन् । उनले भनेका छन्, 'त्यसैले यो समय सुरक्षागार्डहरुमाथि सहानुभुति र मैत्रीपूर्ण भावना राख्ने समय हो । नेपाली सुरक्षागार्डमाथि दुर्व्यवहार गर्ने व्यक्तिहरुमाथि अधिकारीहरुले कारवाही गर्नेछन् भन्ने मेरो विश्वास छ । ईलिटहरु अर्थात सभ्रान्तहरुको आफ्नो पृष्ठभुमि जे जस्तो भएपनि कमजोर अवस्थामा रहेका सुरक्षागार्डहरुमाथि सम्मानजनक व्यवहार गर्नु जरुरी छ । सुरक्षाका मापदण्ड लागू गर्नु उनीहरुको वाध्यता हो त्यसैले अनुकरणीय व्यवहार देखाउन आवश्यक छ ।' मलेसियामा सुरक्षागार्डमा नेपालीहरुमात्र रहेका छन् ।

## सरकारले ...

निराश बनेका छन् । नेपालमा कोरोना भाइरस संक्रमण तीव्र भएपछि व्यवस्थापनको जटिलतालाई ध्यानमा राखेर संख्या कम गरिएको बताइएको छ। नेपाल ल्याइएका कामदारहरु संक्रमण मुक्त भएपछि मात्रै आ-आफ्नो घर जान दिइने सरकारका प्रवक्ता, सूचना तथा सञ्चार मन्त्री समेत रहेका अर्थमन्त्री डा. युवराज खतिवडाले जानकारी दिए । उनीहरुको एक हप्ताभित्र पीसीआर परीक्षण गरिने छ । त्यसको जिम्मा स्वास्थ्य मन्त्रालयले पाएको छ ।

## नाटकीय...

पक्राउ गरेको थियो। उनी यसअघि अभिनयसमेतमा संलगन थिइन् तर अहिले गृहिणीका रुपमा रहेको बताइएको छ । केही वर्षदेखि श्रीमान्को सम्पर्कबाट बाहिर रहेकी उनी छोराछोरीका साथमा काठमाडौं बस्दै आएकी थिइन् ।

'जोजो अपरेशन'

साउन २५ गते बिहान रातो प्लाष्टिकले बेरेको नाम्लोसहितको कालो रङ्को सुटकेसभित्र टाउको र खुट्टा नभएको शव फेला पररेको थियो । तत्काल जोजो नामको तालीमप्राप्त कुकुर परिचालन गरी घटनाको अनुसन्धानमा प्रहरी लाग्यो । तत्कालै कुकुरले सुटकेश भेटिएको अन्दाजी ३०० मिटर पूर्वउत्तरस्थित स्वर्गद्वारी मार्गको खाली जमिन छेउमा टाउको र खुट्टा पोको पारेर फालेको अवस्थामा फेला परेको थियो ।

मृतकको पहिचान नखुलेपछि प्रहरीले पहिचानका लागि तस्वीर सार्वजनिक गर्‍यो । साउन २६ गते नै बोहराका मामा पर्नेले उनको सनाखत गरेको महानगरीय प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवाली बताउँछन् । उनको घर रोल्पाको रुन्तीगढी गाउँपालिका-७ हो। हाल गोङ्गबुस्थित एक होटलमा बस्दै आएका थिए। उनी गार्मेन्टको सामान थोक बिक्रीवितरणमा संलग्न थिए। प्रहरीको अनुसन्धान उनी आठ महिनादेखि उक्त होटलमा बस्दै आएको खुलेको छ।

उनीहरु बीच तीन/चार वर्षदेखिको फेसबुकमार्फत चिनाजान रहेको पत्ता लागेको छ । अनुसन्धानका क्रममा मृतक बोहराले अभियुक्तको फोटो राखी नक्कली फेसबुक आइडी बनाएर चलाउने गरेको र महिलालाई आफू अनुकूल हिंड्नका लागि दवाव दिने गरेको खुल्न आएको एसएसपी थापाले बताउनुभयो । उहाँका अनुसार छोरीलाई समेत उनले आँखा लगाउने गरेका थिए। हत्यामा त्यती मात्रै कारण भन्नेमा प्रहरी ढुक छैन । अन्य कुरा अनुसन्धानपछि मात्रै खुल्ने जनाइएको छ ।


घटनास्थलको दिनमा त्यही होटलमा बा ७२ प ५६४४ नम्बरको स्कुटरसमेत फेला परेपछि प्रहरीलाई तथ्य खोज्न सहज भएको थियो । घटना भएको दिन राति महिलाले आफ्नै कोठामा बोलाएर मदिरासहित दही, चिउरा मासुसमेत खान दिएको खुल्न आएको छ । दहीमा पाँच वटा निद्रा लाग्ने औषधी मिसाएर खुवाएकी थिइन् । त्यसपछि बोहरा लट्ठिएर सुतेपछि फलामको हम्मरले अण्डकोषमा हानेर मारेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । त्यसपछि सलले बाँधी धारिलो हतियार प्रयोग गरी टाउको र खुट्टा छिनाइ झोलामा राखेर आफैंले फ्याँकेको महिलाले बयान दिएकी छिन् । उनले घटना स्वीकार गरेको र अन्य पाटो भने अनुसन्धानको क्रममा रहेको एसएसपी थापाले बताए ।

शव व्यवस्थापनमा कठिनाई भएपछि छोर ीसमेतलाई संलग्न गरेकी थिइन् । पानी परेकाले छोरीर्लाई छाता ओढाउन लगाए उनले सुटकेस बोकेर उनी त्यहाँ सुटकेस फ्याँकेर फर्किएकी थिइन् । भोलिपल्ट चिनजानको एम्बुलेन्समार्फत उनी चितवन फर्किएको खुल्न आएको छ । त्यो एम्बुलेन्स आफ्नो नातेदार रहेको बुझिएपनि यकिन भइनसकेको प्रहरीले जनाएको छ । घटना सबै घरभित्र घटाएर एक्लै शव व्यवस्थापन गर्न नसक्दा छोरीको सहयोग लिनुपरेको उनले बयान दिएकी छिन् ।

प्रहरीले घटनामा प्रयोग भएको धारिलो हतियार, ह्याम्बर, रगत लतपतिएको पञ्जा म्याट्रेस, मृतकका कपडा, स्लिपिङ ट्यावलेटका खोल, मोबाइल सेट बरामद गरेको छ। आज घटनाबारे पत्रकार सम्मेलन गरी सार्वजनिक गर्दै प्रहरीले कर्तव्यज्यान मुद्दामा अनुसन्धान थालेको जनाएको छ । पैसाको लेनदेनको विषयमा भने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# प्यूठानको माण्डवी गाउँपालिका सिल





माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्यूठान
५ नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८
च.न.

मोः ९८४७८३६००६
टोल फ्री नं १६६०८६४२००६
वेबसाइटः www.mandavimun.gov.np
इमेलः info@mandavimun.gov.np
mandavimun2073@gmail.com

मिति : २०७७/०४/२७

**गाउँपालिकाको कार्यालय सिल गरिएको सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा हाल विश्वव्यापी महामारिको रुपमा फैलिरहेको कोभिड-१९ भाइरसबाट यस माण्डवी गाउँपालिकालाई तथा सम्पूर्ण देश तथा विश्वलाई नै सुरक्षित राख्ने सन्दर्भमा कोभिड-१९ भाइरसको परिक्षण गर्नको लागि यस गाउँपालिकाबाट कर्मचारीहरुको समेत पि.सि.आर परिक्षण गर्दा १ जना कर्मचारीमा पि.सि.आर पोजेटिभ देखिन आएको र थप संक्रमण फैलिन नदिन आज मिति २०७७ श्रावण २७ गते बसेको गाउँपालिका स्तरिय Crisis Management Committee (CMC) बैठकको निर्णय अनुसार यस गाउँपालिकाले प्रदान गर्ने सम्पूर्ण सेवाहरु अर्को सूचना जारी नभए सम्मको लागि बन्द गरि गाउँपालिका सिल गरिएको सम्पूर्ण गाउँबासि तथा सरोकारवाला निकायहरुमा जानकारी गराउदछौं । सम्पूर्ण गाउँबासि आ-आफ्नो स्थानमा सुरक्षित बसी एक सभ्य नागरिकको भुमिका निर्वाह गरिदिनुहुन अनुरोध गर्दछौं । साथै सेवाग्राहीमा पर्न गएको असुविधा प्रति माण्डवी गाउँपालिका परिवार क्षमा प्रार्थी छ ।

उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान

**रविन विश्वकर्मा/मध्यान्ह**
प्यूठान, २७ साउन

प्यूठानको माण्डवी गाउँपालिकाका एक जना कर्मचारीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि गाँउपालिकाको कार्यालय सिल गरिएको छ । गाउँपालिकामा कार्यरत कर्मचारीहरुको पीसिआर परीक्षण गर्दा ३७ वर्षीय पुरुष कर्मचारीमा कोरोना पुष्टि भएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुव पोखेलले मध्यान्हलाई जानकारी दिए ।

ती कर्मचारीको सम्पर्कमा आएका कर्मचारी तथा अन्य व्यक्तिहरुको खोजी गरी स्वाव संकलनको काम भइरहेको उनले बताए । कर्मचारीमा कोरोना सङ्क्मण देखिएपछि गाउँपालिकाको सबै सेवा बन्द गरिएको छ । गाउँपालिकामा मंगलबार बसेको पालिकास्तरीय बैंठकको निर्णय अनुसार गाँउपालिकाले अर्को सुचना जारी नगरे सम्मका लागि सम्पूर्ण सेवाहरु बन्द गरीएको गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिशिर रिजालले जानकारी दिए । साथै गाँउपालिकाले पालिकाबासीलाई आ-आफ्नो ठाँउमा सुरक्षित तरिकाले बस्न आग्रहसमेत गरेको छ ।

# नेपालमा लायन्स क्लब स्थापनाको ५० वर्ष पूरा

**काठमाडौं /मस-** नेपालमा लायन्स क्लब अन्तर्राष्ट्रिय अन्तर्गत प्रथम लायन्स क्लब खुलेको ५० वर्ष पूरा भएको छ । अगष्ट ९ तारिखका दिन विराटनगरमा पूर्व प्रधानमन्त्री मातृका प्रसाद कोइराला अध्यक्षको रुपमा बसेर खुलेको पहिलो लायन्स क्लबपछि हाल लायन्स क्लबहरु नेपालभरी नै छरिएर रहेका छन् । नेपालमा लायन्स सदस्यहरुको संख्या करिव ३४ हजार छ भने करिब १४ सयको संख्यामा लायन्स क्लबहरु खुलिसकेका छन् । यसै अन्तर्गत स्वर्ण जयन्तिको शुरुआतको दिन भर्चुअलरुपबाट आयोजन गरिएको एक कार्यक्रममा लायन्स क्लब अन्तर्राष्ट्रियका द्धितीय अन्तर्राष्ट्रिय भाइसप्रेसिडेन्ट लायन डा. प्याटी हिल, पूर्व अन्तर्राष्ट्रिय प्रेसिडेन्ट लायन डा. नरेश अग्रवाल, नेपालका पूर्व अन्तर्राष्ट्रिय डाइरेक्टर लायन सञ्जय खेतान र मल्टिपल डिष्ट्रिक्ट ३२५ का काउन्सिल चेयर पर्सन लायन इन्द्र खत्री तथा लायन्स क्लबका अन्य विभिन्न पदाधिकारीहरुले नेपाल लगायत विश्वमा लायन्स क्लबहरुको भूमिका र भविष्यको विषयमा चर्चा गर्नु हुंदै नेपाली लायन्स सदस्यहरुलाई बधाइ ज्ञापन गरेका थिए ।





उक्त कार्यक्रममा आफ्नो विचार प्रकट गर्दै डिष्ट्रिक्ट ३२५ नेपालका डिष्ट्रिक्ट गभर्नर लायन डा. सुशिला मल्लले स्वर्ण जयन्तिका अवसरमा डिष्ट्रिक्ट ३२५ ए २ क्लबहरुलाई स्वर्ण जयन्ति झल्किने गरी कार्यक्रमहरु आयोजना गर्न आव्हान गरिसकिएको बताइन् । यसैगरी डिष्ट्रिक्टको पहल तथा क्लबहरुको सहयोगमा भक्तपुरको मुहानपोखरीमा लायन्स स्वर्ण जयन्ति स्तम्भ निर्माण, स्कूलका विद्यार्थीहरुबीच नेपालमा लायन्स क्लबको ५० वर्ष विषयक निबन्ध प्रतियोगिता तथा ५० वर्षको उपलक्ष्यमा विभिन्न क्लबहरुद्वारा विविध विषयमा ५० वटा कार्यक्रम जस्ता विभिन्न कार्यक्रमहरु तय गरिएको डिष्ट्रिक्ट गभर्नर लायन डा. मल्लले बताइन् ।

स्वर्ण जयन्तिकै अवसरमा संस्थापक सदस्यहरु र तत्कालीन डिष्ट्रिक्ट ३२५ का पूर्व गभर्नरहरुलाई सम्मान गर्ने क्रममा पूर्व डिष्ट्रिक्ट गभर्नरहरु लायन पंकज प्रधान र हरिशंकर निरौलालाई पनि सम्मान् गरिएको थियो । उक्तदिन स्वर्ण जयन्तिको शुरुवातको अवसरमा विभिन्न लायन्स क्लबहरुले काठमाडौं लगायत भक्तपुर र अन्य स्थानहरुमा दीपावलीको आयोजना पनि गरेका थिए ।

# घर भत्किँदा एकै परिवारका चारको मृत्यु



**डोटी/मस-**डोटीको आदर्श गाउँपालिका-१ बाभ्रुककानी गाउँमा घर भत्किँदा एकै परिवारका चार जनाको मृत्यु भएको छ भने अन्य पाँच घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक जनकराज पाण्डेका अनुसार घर भत्किएर मृत्यु हुनेमा ३५ वर्षीया विष्ना लुहार, निजका छोरा ११ वर्षीय पारस, छोरी सात वर्षीया सिरु, अर्की छोरी चार वर्षीया जेनिसा रहेका छन् । त्यसैगरी घाइते हुनेमा ३३ वर्षीय घर मालिक लोगे लुहार, निजकी आमा ५२ वर्षीया पाना, सासु ५६ वर्षीया घाङरी विक, सालो १३ वर्षीय इन्द्र विक तथा छोरी दुई वर्षीया अस्मिता लुहार रहेका छन् । घाइते लोगे, पाना, घाङरी तथा इन्द्रको अवस्था गम्भीर रहेको र अस्मिताको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ। घाइतेलाई उपचारका लागि डोटीको दिपायलमा रहेको शैलेश्वरी अस्पतालमा ल्याइएको छ।

सिलेटले छाएको तीनतले घरमा सोमबार राति सुतिरहेको बेला अचानक घर भत्किँदा उनीहरुको ज्यान गएको हो । घटनास्थलमा इलाका प्रहरी कार्यालय मौवानगरदहका प्रमुख तथा प्रहरी निरीक्षक वीरबहादुर बुढाको कमाण्डमा प्रहरी टोली परिचालन गरिएको थियो ।

घटनास्थल जिल्ला सदरमुकाम सिलगढीबाट दुई/तीन घण्टाको दूरीमा रहेको छ । घर भत्किएका कारण कम्तीमा पनि रु १० लाख बराबरको धनमालको क्षति भएको छ ।

# नुवाकोटमा निषेधाज्ञा क्षेत्र बढाइयो

**नुवाकोट/मस-** नुवाकोटमा समुदायस्तरमा कोरोना संक्रमण बढ्न थालेपछि मंगलबारदेखि निषेधाज्ञाको क्षेत्र बढाइएको छ। निषेधाज्ञा कार्यान्वयन गराउन नेपाली सेनासमेत परिचालन गर्ने निर्णय गरिएको छ ।





जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठकले यसअघि कायम रहेको क्षेत्रभन्दा बाहिरको दुप्चेश्वर गाउँपालिकामा समुदायमा कोरोना रोगको संक्रमण फैलिएको पुष्टि भएसँगै मंगलबारदेखि आठ दिनका लागि थप क्षेत्रमा निषेधाज्ञा लगाएको प्रमुख जिल्ला अधिकारी झङ्कनाथ ढकालले जानकारी दिए ।

मंगलबारदेखि निषेधाज्ञा लागू भएको क्षेत्रमा दुप्चेश्वर गाउँपालिकाको सबै स्थान, तादी गाउँपालिका-२, ३, ४ र ५, पञ्चकन्या गाउँपालिका-४ र ५, शिवपुरी गाउँपालिका-१, २, ३, ४ र ५ एवम् तारकेश्वर गाउँपालिका-२, ४, ५ र ६ मा आठ दिनका लागि निषेधाज्ञा लगाइएको हो ।

नुवाकोटमा दुप्चेश्वर गाउँपालिकामा सोमबार वडाध्यक्ष, बैंकका सुरक्षाकर्मीसहित चारजनामा कोरोना रोगको सङ्क्रमण देखिएसँगै यसअघि लगाइएको निषेधाज्ञाको क्षेत्र बढाउन जिल्ला संकट व्यवस्थापन केन्द्रले निर्णय गरेअनुसार मंगलबारदेखि प्रशासन कार्यालयले निषेधाज्ञा लगाइएको हो । हालसम्म नुवाकोटमा कोरोना संक्रमितको संख्या ६१ पुगेको छ । जिल्लाको विदुर नपा-८ र दुप्चेश्वर गापा-६ मा समुदायमा कोरोनाको संक्रमण फैलिएसँगै निषेधाज्ञा लगाउन थालिएको हो ।

नुवाकोटमा यही २५ गतेदेखि विदुर नगरपालिकासहित लिखु र सूर्यगढी गाउँपालिकाको सबै क्षेत्र र बेलकोटगढी नपा, ककनी, शिवपुरी र पञ्चकन्या गापाको केही वडामा १० दिनका लागि निषेधाज्ञा कायम गरिएको थियो । मंगलबारदेखि थप भएको निषेधाज्ञाको पालना कडाइका रूपमा कार्यान्वयन गराउन नेपाली सेनासमेत परिचालन गर्ने निर्णय भएको छ । संकट व्यवस्थापन केन्द्रको सोमबार साँझ बसेको बैठकले निषेधाज्ञा प्रभावकारी बनाउन नेपाली सेनालाई परिचालन गर्न सिफारिस गरेअनुसार जिल्ला सुरक्षा समितिको बैठकले सेना परिचालन गर्ने निर्णय समेत गरेको छ ।

# 'एकताको सोचबाट अघि बढे पार्टी फुट्दैन'



**रामसिंह यादव**
पूर्वमन्त्री एवं नेकपा नेता

**रामसिंह यादव मधेशको राजनीति र समाज सेवामा स्थापित नाम हो। धनुषा जिल्लाका यादवले संविधानसभा सदस्यमा निर्वाचित भइ संविधान बनाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेका छन्। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का प्रभावशाली नेता यादव तत्कालिन माओवादी र कांग्रेसको गठबन्धन भएर बनेको शेरबहादुर देउवा नेतृत्वको सरकारमा स्वास्थ्य राज्यमन्त्री भएर काम गरिसकेका छन्। बौद्धिक एवं मधेशमा अत्याधिक रूचाइएका नेता यादवले कोरोना महामारी शुरू भएपछिको अवस्थामा विभिन्न सामाजिक संस्थाहरू र व्यक्तिगत पहलमा गरिब तथा विपन्नहरूलाई राहत बाँड्ने कार्यमा समेत सक्रिय भए। यसबीचमा उनले मधेशमा सयौं घरपरिवारलाई राहत बाँडेका थिए। उनै नेता एवं समाजसेवी यादवसँग मध्यान्ह राष्ट्रिय दैनिकका लागि रिसव गौतमले गरेको कुराकानीको सारसंक्षेप।**

**नेकपाको विद्यमान आन्तरिक किचलो र विवादलाई यहाँले कसरी हेर्नुभएको छ ?**

अहिले नआउनुपर्ने विवाद आएको छ। नेपाली जनताले नेकपालाई अद्भूत काम गर्ने एउटा मौका दिएका थिए। जनताले ठूलो पार्टी बनाएर नेकपालाई काम गर्ने मौका दिएका थिए। यस्तो बेलामा पार्टी भित्र देखिएको विवाद राम्रो हुँदै होइन। नगर्नुपर्ने बेलामा यस्तो विवाद भइरहेको छ। यसलाई हामी नेता कार्यकर्ता र जनता सबैले नकारात्मक रुपमा नै लिएका छौं। काम गर्ने बेलामा विवाद आउनु हुन्नथ्यो तर, आयो। यसका धेरै भित्रि कारणहरु छन्। एउटा त के पनि हो भने ठूलो र जिवित पार्टीमा यस्ता विवादहरु स्वभाविक रुपले हुन्छन् पनि। यसलाई सही ढंगबाट समाधान गर्नुपर्छ।

पार्टी भित्र विधान छ। प्रक्रिया छ। त्यो प्रक्रिया, विधान र विधिअनुसार विवादलाई समाधान गरेर जानुपर्ने हो। अर्को के छ भन्दा दुई पार्टीको एकता कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट पार्टीहरुबीचको एकता पहिले त नेकपा एमाले भित्र पनि कतिवटा पार्टी मिलेर आएको थियो। नेकपा माओवादी भित्र पनि धेरै पार्टी मिलेर आएका हुन्। यी दुईवटा ठूला पार्टीको एकीकरणले स्वभाविक रुपले केही कार्यकर्ताहरुलाई सन्तुलित व्यवस्थापन गर्न, राजनीतिक रुपले पनि र वैचारिक रुपले पनि कार्यकर्ता अगाडी बढाउनका लागि केही समय त लाग्छ। यो बीचको समय के हुन्छ भने संक्रमणकालिन समय हुन्छ। यसलाई व्यवस्थापन गर्न सकिएन भने यस्ता विवादहरु स्वभाविक रुपमा आउँछन्। एकीकरण भयो, एकता भयो, तर पार्टीमा सबैको राम्रो व्यवस्थापन हुन सकेको छैन। व्यवस्थापन नभएपछि जिम्मेवारी नपाएका कार्यकर्ताहरुमार्फत यस्ता विवादहरु आउँछन्। नेता कार्यकर्ता सबै सचेत ढंगबाट अगाडी बढेर विद्यमान समस्याको हल खोज्नुपर्छ।

**बाहिर त पार्टी फुट्ने तयारी नै भइसक्यो भन्ने आएको छ नी ?**

मिडियामा जे आएका छन्, ती एक खालका कुरा भए। सबै सत्य पनि आएका छैनन्। तर पार्टी फुट्ने कुरा त्यति सजिलो पनि छैन। पार्टी विभाजन गरेर जान सक्ने सम्भावनालाई अहिले हामी स्वीकार गरेर नजाउँ। हामी नर्काछौं। नेपाली राजनीतिमा धेरै पार्टीहरु फुटेका छन्। विभाजित भएर जाने पार्टीका नेताहरुलाई नेपाली जनताले कहिल्यै विश्वास गरेका पनि छैनन्। चाहे कम्युनिष्ट पार्टी होस् वा कांग्रेस होस्। चाहे दक्षिणपन्थी पार्टी हुन्। सबै हामीले नेपालको राजनीतिमा अभ्यास आइसकेको छ। जसले पार्टी फोरेर जान्छ त्यसलाई जनताले स्थापित गरेको इतिहास छैन। त्यसकारण सजिलै पार्टी फुट्छ भन्ने मलाई लाग्दैन।

**एक जना पार्टी नेता-कार्यकर्ता र पूर्वमन्त्रीको पनि हैसियतमा पार्टीमा देखिएको विवाद र संकट हल गर्न नेतृत्वलाई कस्ता उपाय सुझाउनु हुन्छ ?**

एउटा पार्टीको सदस्यको हैसियतले भन्दा जुन मूल्य र मान्यताको आधारमा पार्टी एकीकरण भयो। सिद्धान्त जे कुरालाई व्यवस्थापन गर्नुपर्थ्यो। कार्यकर्तालाई जिम्मेवारी एक ढंगले गर्ने, पार्टीले जुन एउटा उद्देश्य बोकेको छ। त्यो उद्देश्यअनुसार पार्टीको तर्फबाट प्रतिनिधित्व गर्ने सबै जनप्रतिनिधिहरुले आफ्नो भूमिकालाई सही ढंगबाट निर्वाह गर्दै जाने हो भने मलाई लाग्छ पार्टी एकीकरण पनि मजबुद हुन्छ। र, पार्टी एकता पनि बलियो भएर जान्छ। नेपाली जनतालाई पनि विकास र समृद्धिको दिशामा अघि लान सकिन्छ।

**पार्टी फुट्ने नै अवस्था आयो भने नेपाली कम्युनिष्ट आन्दोलनको भविष्य के होला ?**

मैले अघि पनि भने पार्टी फुट्ने अवस्था त आउँदै आउँदैन। त्यो सम्भावना अत्यन्तै कम छ। यदि फुटिहाल्यो भने पनि म के देख्छु भने नेपाली जनताले जुन एउटा विश्वास कम्युनिष्ट प्रति राखेका छन्। त्यसमा नेपाली जनतालाई ठेस पुर्‍याउने काम हुन्छ। नेताहरुको आफ्नो-आफ्नो ढंगबाट, व्यक्तिगत स्वार्थ होला। या पद लोलुपको आधारमा होला। जे होस् उनीहरुको स्वार्थ पूरा होला या नहोला। म भन्न चाहदिन। तर के हो भने नेपाली जनताको आस्थाको केन्द्र रहेको कम्युनिष्ट पार्टी, कम्युनिष्ट विचारप्रति नेपाली जनताको निराशा बढ्ने सम्भावना प्रवल देख्छु।

**पार्टीभित्रको अहिलेको विवाद सैद्धान्तिक हो कि व्यक्तिगत ?**

मैले अघि पनि भने खासगरी कुवेलामा उठेका कुरा हुन् यी। अहिले देशमा महामारी छ। आर्थिक संकट छ। देशले एउटा गतिलिन सकेको छैन। पार्टीप्रति जनताको आशा र विश्वास अनुसार काम अघि बढ्न सकेको छैन। झन् पार्टीभित्र यस्तो कचलोले धेरै नै नोक्सान हुन्छ।

**प्रधानमन्त्रीमाथी पार्टीको निर्णय नमानेको, एकलौटी अघि बढेको, विधान र विधिअनुसार नचलेको भन्ने आरोप छन् नी ?**

म एउटा कुरा समग्रमा के भन्छु भने कसले मान्यो कसले मानेन त्यो आन्तरिक विषय हो। हाम्रो त जिम्मेवारी त्यहाँसम्म छैन। बाहिर हामीले हेर्दाखेरी कमि कमजोरी दुवैतर्फ छ। दुईतर्फी एकजुट भएर एकताको मानसिकता बनाएर समस्याको सामाधान गर्ने कुरा हो। समन्वय गरेर जानुपर्ने कुरा हो। अहिलेसम्म कसको बढी र कसको कम गल्ती भनेर भन्दा पनि गल्ति भएका छन्। त्यसलाई सुधार गरेर जानुपर्छ। यही नेपाली जनताको चाहना हो।

**कार्यकारी अध्यक्ष प्रचण्डले त अर्का अध्यक्ष तथा प्रमकै अग्रसरतामा पुरानो एमाले पार्टी दर्ता गरिएको, एमाले ब्युताउँन खोजिएको भनेका छन् नी ?**

कसले के भन्यो त्यो कुरा तपशिलका विषय हुन्। पार्टीका कमिटीहरु छन्। सचिवालय छ। स्थायी कमिटी छ। केन्द्रीय कमिटी छ। विधि विधान छ। त्यो सबैलाई आधारभूत कुरा मानेर एकताको सोचबाट बैठकहरु बस्ने र निर्णयहरु गर्ने हो भने समस्या हल हुन्छन्। पार्टी फुट्दैन। अनिमात्र नेपाली जनताको आशाको केन्द्र रहेको कम्युनिष्ट पार्टीमाथि फेरि पनि जनताले विश्वास गरेर जान्छन्।

**कोरोना महामारीको समयमा तपाईंले खासगरी मधेसमा राहत तथा उद्धारको काम गर्नु भएको भन्ने सुनियो। तपाइँले गरेका सामाजिक कामको बारेमा अलिकति बताइदिनुहोस् न ?**

कोरोना महामारी शुरु भएर लकडाउन भएको बेलामा आर्थिक रुपले विपन्न रहेका घरपरिवारहरु जसलाई खान, बस्न समस्या थिए। उनीहरुको पीडामा अलि-अलि मलम लगाउने प्रयास गरेको हुँ। खासगरी सामाजिक भूमिकामा रहेका हामीहरुले ठाउँ-ठाउँबाट रकम संकलन गरेर, सामाजिक संस्थामार्फत सहयोगहरु जुटाएर त्यो खालका राहत तथा उद्धारका कार्यक्रम चलाएका हौं। समस्याग्रस्थ धेरै नागरिकलाई सहयोग गर्ने काम गर्‍यौं। उनीहरुको दुःखमा हामीले सहभागिता देखायौं। त्यसलाई हामीले मानवीय धर्मको रुपमा पनि लिएका छौं। ठाउँ-ठाउँ, गाउँगाउँमा गएर नागरिक सचेतता अभियान पनि हामीले चलायौं। त्यसले केही न केही जनतामा कोभिड प्रति सचेतना दियो। सामाजिक विकास अनुसन्धान केन्द्र, कालिदास नेपाल, वर्ल्ड रिन्यु जस्ता मानविय क्षेत्रमा काम गर्ने संस्थासँगको सहकार्यमा असहाय, गरिब, अपाङ्गहरुमा हामी गएर राहत बाँड्ने काम गरेका हौं।



> 'नेपाली राजनीतिमा धेरै पार्टीहरू फुटेका छन्। विभाजित भएर जाने पार्टीका नेताहरूलाई नेपाली जनताले कहिल्यै विश्वास गरेका छैनन्'

# सरकारको आलोचना गर्नेहरुको मति सप्रियोस्: स्वास्थ्यमन्त्री



**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्यामन्त्री भानुभक्त ढकालले सरकारको आलोचना गर्नेहरुको मति सप्रियोस् भन्दै शुभकामना दिएका छन्।

पार्टी भित्र र बाहिरबाट मति विग्रिएकाहरुले कोभिड १९ रोकथाम तथा नियन्त्रणको कार्यमा आलोचना गरेको भन्दै श्रीकृष्ण जन्माष्टमीको अवसरमा सबैको मति सप्रियोस् भन्ने शुभकामना दिएका हुन्।

मंगलबार थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको ६१ औं वार्षिकोत्सव कार्यक्रममा मन्त्री ढकालले मति विग्रिएर सरकारको आलोचना गर्ने सबैलाई महामारी विरुद्ध लड्न आग्रह समेत गरे। मन्त्री महामारीबाट बाँचियो भने सत्ताको लडाईं फेरिपनि खेल्न सकिने भन्दै सकारलाई सघाउन नेताहरुलाई आग्रह गरे। सरकारलाई जनताले पाँच वर्षको म्याण्डेट दिएकाले पाँच वर्ष पछि नै सत्ताको खेलमा लाग्न समेत उनले आग्रह गरे। कोरोना रोकथामका लागि सरकारको विरोध विभिन्न तरिकाबाट हुने गरेको पनि उनले बताए। कुनैबेल पीपीइ भएन भने सामूहिक राजीनामा दिन्छौं भन्नेहरु अहिले चुप लागेको बताए। गीतबाट समेत सरकारको आलोचना गरिएको तर अहिले त्यसको जवाफ सरकारले दिइसकेको मन्त्री ढकालको भनाइ छ। अहिले सम्म पीपीई र पीसीआरको गीत आएको र अब ती चल्न छाडेपछि औषधि र भेन्टिलेटरका गीत आउने ढकालले बताए। जस्तोसुकै गीत आएपनि त्यसको जवाफ सरकारले शिद्धान्तबाट नभई व्यवहारबाट दिने प्रष्ट पारे।

ढकालले नेपालमा अहिलेपनि कोरोना संक्रमणको स्थिति नियन्त्रण भित्रै रहेको बताए। संक्रमणको अवस्था समुदाय स्तरमा देखिएपनि नियन्त्रणको स्थितिमा नै रहेकोले आत्तिनु नपर्ने उनको भनाइ छ। अन्य मूलुकहरुको तुलनामा पनि नेपालमा संक्रमण नियन्त्रणका गरिएका कार्यहरु प्रभावकारी भएको ढकालले बताए। महामारीको अप्ठेरोको यो अवस्थामा संक्रमण नियन्त्रण तथा रोकथामका लागि सरकारलाई सकारात्मक र रचनात्मक सहयोग गर्न सबै पक्षलाई आग्रह समेत गरे। ढकालले भारतमा कोभिड-१९ समाप्त नभएसम्म नेपालमा पनि जोखिम रहिरहने पनि स्पष्ट पारे। भारतसँग खुला सिमाना भएका कारणले त्यहाँ कोभिड-१९ समाप्त नभएसम्म नेपालमा पनि जोखिम बढिरहने उनको भनाइ छ। उनले बन्दाबन्दी (लकडाउन) खुलेसँगै मानिसले स्वास्थ्यका न्यूनतम मापदण्ड लागू नगर्दा कोभिड-१९ को संक्रमण बढेको बताए।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले अस्पतालको सेवालाई अझ प्रभावकारीरूपमा लैजानुपर्ने सुझाव दिए। मन्त्रालयका प्रमुख विशेषज्ञ डा.रोशन पोखरेल र स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.दीपेन्द्ररमण सिंह लगायतले अस्पतालले सेवालाई अझ छिटोछरितो बनाउनुपर्ने बताए।

अस्पतालका निर्देशक डा.संगीता कौशल मिश्राले अस्पतालको सेवा अझ विस्तार गर्न लागेको बताइन्। संविधानले नै स्वास्थ्य सेवालाई निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको हुनाले गरिब, असहाय, विपन्नलाई आर्थिक अभावका कारण हुनै पनि बिरामी उपचार गर्नबाट वञ्चित नदिने उनको भनाइ छ।

विसं २०१६ मा स्थापना भएको ४० शैयाबाट अस्पतालमा अहिले ४ सय १५ शैया रहेका छन्। अस्पतालमा अहिले प्रसूति रोगसम्बन्धी सबै उपचार, आमा सुरक्षा, नवजात शिशु उपचार कार्यक्रम, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, निःसन्तान तथा बाँझोपन, क्यान्सर तथा युरो गाइनोकोलोजीका सेवा प्रदान गर्दै आइरहेको छ। गत आर्थिक वर्ष ०७६/७७ मा ११ लाख १९ हजार ६ सय २५ जनाको बहिरङ्ग सेवा, २२ हजार ४ सय ६१ गर्भवतीलाई सुत्केरी र १० हजार ९ सय ७७ जना शल्यक्रिया गरिएको अस्पतालले जनाएको छ।

**पीसीआर मेसिन जडान**

काठमाडौं महानगरपालिकाले अस्पताललाई उपलब्ध गराएको पीसीआर मेसिन जडान गरिएको छ। महानगरपालिकाका प्रमुख डा.शाक्यले उक्त पीसीआर मेसिनको उद्घाटन गरेका छन्। अस्पतालका निर्देशक डा.मिश्राले भर्ना भएका र गर्भवतीलाई कोभिड-१० परीक्षण गर्न सजिलो हुने बताए। महानगरपालिकाले मेसिन र अस्पतालले कोभिड-१९ परीक्षण गर्नका लागि किटको व्यस्थापन गर्नेछ।

# कालोपत्रको माग राख्दै स्थानीयवासी आन्दोलित



**काठमाडौं/मस**–सडक कालोपत्र गर्न माग गर्दै बालाजु बाइपासका स्थानीयवासी आन्दोलित भएका छन्। बालाजु बाइपासमा सडक विस्तारलाई तीव्रता दिन र तत्काल कालोपत्र गर्न माग गर्दै स्थानीयवासीले मंगलबार प्रदर्शन गरेका हुन्।

स्थानीयवासीका जनभावनाअनुरुप सरकारले तत्काल काम अघि बढाउनुपर्ने माग गरिएको छ। स्थानीयवासी शङ्कर श्रेष्ठले सडक व्यवस्थित नहुँदा जीवनयापन असहज भएको बताए।

बालाजु बाइपासमा २०१७ सालसम्म सरकारी विद्यालय र पाटी पौवा रहेको जग्गा व्यक्तिले हड्पेर बिना लालपुर्जा किनबेचसमेत गरिएको थियो। सडक विस्तार गरेर पासाङल्हामु राजमार्ग बनाउने क्रममा बाँकी रहेको सार्वजनिक जग्गा हड्पेर बनाइएका टहरा २०७० सालमा हटाइएको थियो। एउटा भग्नावशेष घर बाँकी रहेकामा गत साता सडक विभाग र उपत्यका विकास प्राधिकरणले उक्त भग्नावशेष हटाएर सडक विस्तार गरिरहेको छ। ती टहरामा बसिरहेकाले अनावश्यक विवाद निकालेको भन्दै स्थानीय सडक निर्माणका लागि आन्दोलनमा उत्रिएका हुन्।

विसं २०१७ सम्म सार्वजनिक जग्गामा विद्यालय रहेको र सो विद्यालयपछि तरुण माविमा गाभिएपछि खाली रहेको सार्वजनिक जग्गा हड्पेर बसेकालाई सरकारले घरबापत आवश्यक मुआब्जा २०७१ सालमै दिइसकेको छ। मुअब्जा पनि लिने सार्वजनिक जग्गा पनि अझै आफूहरूकै भएको भन्दै केही व्यक्तिले सडक निर्माणको विरोध गरिरहेका बेला बालाजु बाइपासमा वर्षौंदेखि बसोबास गर्दै आएका स्थानीयवासी विरोधमा उत्रिएका हुन्।

हाल सडक विस्तारका लागि खनिएको जग्गामा कुनै बेला पाटी, विद्यालय रहेको र विभिन्न जिल्लाबाट काठमाडौं आउने सर्वसाधारण बस्ने गरेका थिए। बाटो विस्तारका क्रममा बाँकी रहेको भग्नावशेषका कारण बालाजुको उत्तरी क्षेत्रका सर्वसाधारणले वर्षौंदेखि सास्ती व्यहोर्दै आएका छन्। आफूहरूको समस्या समाधानका लागि सरकारले पहल गरे पनि सार्वजनिक जग्गा हड्पेका हुँदा अनावश्ययक दुःख दिएकाले आफूहरू सडकमा उत्रिएको स्थानीयवासीको भनाइ छ।

# ९० बोरा यूरीया मलसहित दुई पक्राउ



**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, २७ साउन

नवलपरासी प्रहरीले जिल्लाको विभिन्न स्थानबाट यूरीया मल बरामद गरेको छ। जिल्लाको सुनवल नगरपालिका र सरावल गाँउपालिकाबाट भारतबाट अबैध रुपमा भन्सार छली ल्याएर लुकाईछिपाई घरमा राखेको अवस्थामा ९० बोरा यूरीया मल प्रहरीले बरामद गरेको हो। भारतबाट अबैध रुपमा भन्सार छली ल्याएर सुनवल नगरपालिका वडानं १२ बस्ने उमेश प्रसाद गुप्ता र सोही ठाउँ बस्ने बिष्णु भण्डारी तिवारीको घरबाट प्रहरीले विशेष सुराकीको आधारमा खोजतलासी गर्दा उनीहरुको घरबाट यूरिया मल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी नायब उपरीक्षक राजु लामाले बताए।

जिल्ला प्रहरी कार्यालय र अस्थायी प्रहरी बिट भुमहीको संयुक्त टोलीले उक्त स्थानमा पुगी गुप्ताको घरमा ५० बोरा र भण्डारीको घरमा १० बोरा यूरिया मल बरामद गरिएको लामाले बताए। उनीहरुसँग सोधपुछ गर्दा उक्त नल आयात सम्बन्धी कुनै कागजात फेला नपरेकोले यूरिया मल सहित दुबै जानलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक लामाले जानकारी दिए। बरामद यूरीया मल प्रति बोरा ७ सय रुपैयाँको दरले जम्मा ६० बोराको मूल्य ४२ हजार बराबरको रहेको प्रहरीले जानएको छ। त्यसैगरी भारतबाट भन्सार छली ल्याई सरावल गाउँपालिको वडानं १ बासाको चोक नजिक लेकसाईटमा लुकाई राखेको अवस्थामा ३० बोरा यूरीया मल बरामद गरेको प्रहरीले जनाएको छ।

ईलाका प्रहरी कार्यालय बर्दघाट र बासा प्रहरी चैकीको संयुक्त टोलीले उक्त मल बरामद गरेको हो। उक्त यूरिया मल कसले ल्याएर राखेको भन्नेबारे खुल्न नसकेको प्र्रहरीले जनाएको छ। उक्त मल ७ सय रुपैयाँका दरले ३० बोराको मूल्य २१ हजार बराबरको रहेको र उक्त ९० बोरा यूरीया मलसहित दुबै व्यक्तिलाई कार्वहीको लागि महेशपुर भन्सार कार्यालय पठाईएको लामाले जानकारी दिए।

# रुकुम पश्चिम सदरमुकाम भदौ २ सम्म सिल




**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २७ साउन

रुकुम पश्चिम जिल्ला प्रशासन कार्यालयले साउन २८ गते बुधबार बिहान ४ बजेदेखि भदौ २ गते राति १२ बजेसम्मका लागि मुसिकोट नगरपालिकाको ६ नम्बर वडा कार्यालय आसपासका क्षेत्रहरू सिल गरेको छ।

सोमबार रुकुम पश्चिमको मुसिकोट नगरपालिकाका एक जना पुरुषमा कोरोना संक्रमण देखिएपछि समुदायस्तर सम्म कोरोना सङ्क्रमण बढ्ने जोखिम भएको भन्दै नगर क्षेत्रको अति जोखिमयुक्त क्षेत्र सिल गरिएको प्रमुख जिल्ला अधिकारी उपेन्द्रराज पौडेलले जानकारी दिए।

प्रजिअ पौडेलका अनुसार जिल्ला स्वास्थ्य कार्यालय सल्ले देखि खलंगा बजार, शितल पोखरी चोक, पिपलनेटा, सेरीगाउँ र नगरपालिकाको वडा नम्बर ६ वडा कार्यालय सम्मको क्षेत्र सिल गरी उक्त क्षेत्रमा थप सुरक्षा अपनाउने निर्णय गरीएको छ। सिल गरिएको क्षेत्रमा एम्बुलेन्स, स्वास्थ्यकर्मी र शववाहन बाहेक सबै प्रकारका सवारीका साधन र व्यक्तिको हिड्डुलमा समेत रोक लगाइएको प्रजिअ पौडेलले बताए।

यसैगरी, प्रशासनले साउन २८ गते बिहान ४ बजेदेखि भदौ २ गते राती १२ बजेसम्मका लागि जारी निषेधाज्ञालाई पालना गर्न सबैमा अपिल गरेको छ। सिल गरीएको क्षेत्रमा प्रशासनको अपिल नमान्नेलाई संक्रमण रोग ऐन २०२० र स्थानीय प्रशासन ऐन २०२८ अनुसार कारबाही गरीने बताइएको छ। सिल गरिएको क्षेत्रबाहेक निषेधाज्ञा जारी गरिएको क्षेत्रमा भने अत्यावश्यक वस्तु पसल, व्यवसाय सञ्चालन गर्न पाइने जनाइएको छ।

## सम्पादकीय

# नियुक्तिमा पुन:विचार

मन्त्रिपरिषदले केही दिन अगाडि लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा विवादास्पद व्यक्ति सुशील भट्टलाई नियुक्त गरेको भन्दै चर्को आलोचना भयो । यसपछि अधिबक्ता जयबहादुर भुजेलले नियुक्ति पुनरावलोकन गर्न उच्च अदालत पाटनमा रीट दर्ता गरेका थिए। उक्त रीटको सुनुवाई गर्दै उच्च अदालतले तत्काल काम नगर्न अन्तरिम आदेश दिएको छ ।

अदालतले साउन ३२ गते दुवै पक्षलाई छलफफलका लागि बोलाएको छ । अन्तिम सुनुवाई नभएसम्म निर्णय कार्यान्वयनमा रोक लगाउन अदालतले आदेश दिएको छ । अर्थमन्त्री युवराज खतिवडा रहेको छनोट समितिको सिफारिसको आधारमा मन्त्रिपरिषदले भट्टलाई नियुक्त गरेको थियो । तर, अदालतको अन्तरिम आदेशसँगै भट्टबारे मन्त्रिपरिषदको निर्णय विचाराधीन अवस्थामा पुगेको छ। अर्थात्, अर्थमन्त्री खतिवडाको सिफारिस र मन्त्रिपरिषदको निर्णयबारे अदालतमा अब छलफल हुनेछ ।

हुन त यसअगाडि भएका लगातारको नियुक्ति विवादित बन्दै आएको छ । केही समय अगाडि रेलवे कम्पनीको महाप्रबन्धकमा गुरूप्रसाद भट्टराई नियुक्त भएकका थिए । उनको नियुक्तिमा भट्टको भन्दा पनि धेरै विवाद भएको थियो । स्वयम् सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का शीर्ष नेताहरूले नै असन्तुष्टि जनाएका थिए । तर, प्रधानमन्त्री केपी शर्मा ओलीको रोजाइमा परेका कारण उनको नियुक्ति विरोधले रोकिएन ।

भट्टराईलाई जस्तै लगानी बोर्डका सीईओ भट्टको नियुक्तिलाई पनि प्रधानमन्त्रीसँग जोडेर हेरिएको छ। यस्ता अन्य थुप्रै राजनीतिक नियुक्ति राम्रा, योग्य र उचित प्रणालीबाट नभएर प्रधानमन्त्री प्रभाव पारेकै भरमा भएका छन्। गुरू भट्टराईको नियुक्ति त्यसका लागि उपयुक्त उदाहरण हो। प्रधानमन्त्री ओलीका लागि गुरू भट्टराई नेकपाकै फरक धारका नेताहरू विरूद्ध लगातार खनिने गरेका थिए । विशेषगरी सामाजिक सञ्जाल मार्फत् अमर्यादित शब्द प्रयोग गरी नेकपाकै नेताहरूविरूद्ध खनिने भट्टराईलाई नियुक्ति गरिएको रेलवे कम्पनीमा अहिले कुनै काम नै छैन। रेल मार्ग नै नबनेकाले त्यसलाई सञ्चालन गर्ने निकायको नियुक्ति विल्कुल आफन्तलाई खुशी पार्न मात्रै गरिएको टिप्पणी हुने गरेको छ ।

नियुक्तिमा हुने विवाद र आलोचना नयाँ होइन । सांसद र मन्त्री नै गलत बिधिबाट चयन हुने गरेको तथ्य स्वयम् नेकपाकै नेताहरू स्वीकार्छन् । अझ, प्रधानमन्त्रीले आफ्नै सचिवालयमा समेत उचित पात्र नियुक्त गर्न नसकेको टिप्पणी हुने गरेको छ । यसले आमजनमत भत्काउने र सरकारबारे गलत धारणा निर्माण हुने गरेकोक छ। अर्थात्, बेलैमा यस्ता नियुक्तिहरूमा ध्यान नदिने हो भने यो सरकार झनै ठूलो संकटको चङ्गुलमा फस्नेछन् ।

## सामाजिक सञ्जाल



मिठो झुटो बोल्न कहिल्लै जानिएन, तितो यथार्थले थाहा छैन कति मान्छेलाई टाढा बनायो।

– तीते करेली



रेल र पानी जहाजको सपनाको भर्याङ् चढेर सत्तामा पुगेको सरकारले त्यही जनताको सपनाको रेललाई सीमित शिर्ष नेता नजिकका ठेकेदारहरूलाई काम दिएर भ्रष्टाचारको अखडा वनाउककनु निन्दनीय छ। यस्तो वेथितिका विरूद्ध सवै एकजुट बनौं ।

– शेखर कोइराला



ओली बाले थाहा नपाउने गरी नेपाल सेक्युलर (धर्म निरपेक्ष) होइन भन्ने बनाइसके है। यो कुरा उनैलाई पनि थाहा नहुन सक्छ। तर उनले नेपाल एक हिन्दूराष्ट्र हो भन्ने प्रशस्त काम गरिसकेका छन् । जयश्रीराम

– पुष्पराज आचार्य



बैंकहरू आफू चाँही भाडामा बस्छन् । अनि दुनियाँलाई घर बनाउ भनेर घर कर्जा दिन्छन् । किन थाहा छ ?

– निर्मल दाहाल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# अन्तर्राष्ट्रिय युवा दिवस र हाम्रो यथार्थ



■ अच्युतप्रसाद पौडेल "चिन्तन"


> उद्योग, उद्यमशीलता, लगानी भनौँ रोजगारीका क्षेत्र युवामैत्री भएन। कुनैपनि सरकारी काम बढी प्रक्रियामुखी झन्झट र अपारदर्शी भयो।

यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवस आज (साउन २८ गते) परेको छ । कोरोना कहरका बीच पनि यथारुपमा यसलाई मनाउने गरी सरकारीस्तरमा समिति पनि गठन भएको सार्वजनिक भएको छ। स्वस्थ युवा शक्ति रोजगारसहितको जनशक्तिको मूल ध्येयका साथ सबैले मनन गर्नु पर्ने अवस्था छ अहिले ।

देशमा जनशक्ति योजनाको अभाव र राजनीतिक अस्थिरताले ल्याएको विषम परिवेशका कारण धेरै नेपाली बाहिरिएका थिए । हाल विश्वव्यापी कोरोना संकट र त्यसबाट उत्पन्न परिवेशले विदेशस्थित धेरै नेपालीहरुले स्वदेश फर्कने इच्छा व्यक्त गरेका छन् । विदेशस्थित एक तिहाई नेपाली मात्रै पनि एकै पटक स्वदेश फर्कन पर्ने अवस्था आयो भने मुलुकले कठिन परिवेश व्यहोर्नु पर्नेछ भनी यस अघि पटक पटक भनिदै अएको हो । अहिले बाध्यता छ, नेपाली माटोको माया गर्दै लाखौं जनशक्ति फर्कने अवस्थामा छन् र त्यसको व्यवस्थापन कार्य अहिले सबैलाई समस्याको घडी छ । अर्बौ रकम विप्रेषणका रुपमा पठाएर देशको आर्थिक परिवेशलाई राम्रो पार्ने हाम्रा नेपालीहरु अधिकाँश युवा नै छन्, बेरोजगारीकै कारण ती बाहिर गएका हुन् । मुलुकको सामजिक र आर्थिक रुपान्तरण युवाशक्तिकै हातमा हुन्छ । सामाजिक सद्भावको अभिभारा युवा शक्तिमा हुन्छ। सांस्कृतिक रुपान्तरण युवा जिम्मेवारीकै विषय हो । राजनीतिक रुपान्तरणमा युवा शक्तिकै हात छ। हाम्रो मुलुकमा अधिंकाश परिवर्तनहरु युवा शक्तिबाटै भएको हो । तर त्यही युवाशक्ति मुलुकबाट पलायन छ। ती अहिले कोही यूरोप, अमेरिकामा छन् त कोही जापान, कोरिया, अष्ट्रेलिया प्रतिभा पलायनकै कारण छन् भने खाडी मुलुक श्रम रोजगारीका खोजिमा पनि कम छैनन्। यता देश भने नराम्रो आर्थिक मन्दीमा फसेको छ। चौतर्फी सीमा समस्यामा अड्केको छ । राजनीतिक दलभित्र किचलो छ। गुट र उप गुटमा पर्दा देशका मूल मूल मुद्दाहरु ओझेलमा परेका छन् । सत्ताबीच टकराव छ भने नेतृत्वमा गुटबन्दी । बहनाहरु बनाउँदै बैठकहरु सर्ने क्रम छ भने सीमा अतिक्रमणमा जनस्तरमा तीव्र विरोध छ। कोरोनाले काठमाडौंलाई मात्र नभइ देशैभरी भूकम्पभन्दा ठूलो र नराम्रो झट्का हानेको छ। देशमा जनशक्ति परिचालनको अवस्था नाजुक छ । भएका जनशक्ति पनि कोरोनाबाट ग्रस्त छन्, प्रहरी, प्रशासन, न्याय, उद्योग, व्यापार सबैतिर । सरकार विगतमा झैँ आकर्षक र मनै लोभिने खालको भाषण दिन छुटेको छैन, नीति कार्यक्रमदेखि बजेटैसम्म र अन्य अर्ति उपदेश उसका नराम्रा छैनन्, तर जनता भने ट्वाल्ल परेर चित्त बुझाउनबाहेक केही गर्न नसक्ने भएका छन् ।

विश्वको समृद्धि प्राप्त मुलुक जापानले वृद्धहरुको सम्मान गरेको छ भने दिन दुई गुणा र रात चौगुणाले विकास गर्ने मुलुक थाइल्याण्डमा युवा शक्तिको गतिलो परिचालन भएको छ । सिर्जनशीलता अनि साहस, सिक्ने क्षमता र उच्च आत्मविश्वास युवा शक्तिमा रहेको हुन्छ । उद्यमशीलतामा, नेतृत्व विकासमा उनीहरुलाई प्रयोग गर्ने सकिए मुलुकको समृद्धि टाढा हुन्न । गुण्डा, मुद्रे र डनको हिसाबमा प्रयोग भए त्यही युवा शक्तिले मुलुकमा भारी उच्छृङ्खलता पनि ल्याउन सक्छ । नेपालको कूल जनसंख्याको १६ देखि ४० वर्ष उमेर समूहका मानिसहरु ४१ प्रतिशत बढी छन् । देशको जनसंख्या ३ करोड नाघेको र जन्मदै ४२ हजार रुपैयाँ ऋण बोकेर जन्मने भएका छन् । सबै युवा शिक्षित, सीप सम्पन्न, अनुसाशित र उद्यमशील हुने हो भने हामीले सोचेको विकासको रफ्तार टाढा हुन्न । युवा जनशक्ति भनौं मानव पुंजी पलायन हुन नदिने र श्रमशक्ति मुलुकमै प्रयोग हुने वातावरण सिर्जना गर्ने काम सरकारको हो । सबैलाई सरकारले रोजगारी दिन नसके पनि रोजगारीका अवसर सिर्जना भने गर्न सक्छ। मुलुकमा अहिले सरकार स्थिर छ। तर नीति स्थिर छैन। रोजगारीको अवसर नै छैन। नाना, खाना र छानाकै लागि युवाशक्ति विदेशिएको हो । आफू र आफन्त आश्रित बुढाबुढीहरुको सपना पूर्तिका लागि पनि घरजग्गा बेचेर ऋण काढेर युवाशक्ति देशबाट पलायन भएको हो। विदेश बसेर कोरोनाको समस्याले अहिले चुक्चुकाउँदैछन् सबैजसोले ।

## सन्दर्भ चर्चा



> मुलुकभित्रै आर्थिक, उत्पादन, सेवा क्षेत्रमा संलग्न हुने अवसर पाए कसैलाई विदेश जाने रहर हुँदैन । व्यवहारिक र व्यवसायिक शिक्षाको अभाव छ मुलुकमा

उद्योग, उद्यमशीलता, लगानी भनौं रोजगारीका क्षेत्र युवामैत्री भएन । कुनैपनि सरकारी काम बढी प्रक्रियामुखी झन्झट र अपारदर्शी भयो । सरकारले सामाजिक सुरक्षाको कुरा गरे पनि युवाहरुले पत्याएनन् । रोजगार दाताको सूचीकृत संख्या नगन्य छ । रोजगारदाताहरु यस अभियानमा उत्साहित नभएको देखिन्छ । रोजगारी सिर्जना गरी उद्यमशीलतामा, उद्योगमा युवाशक्ति सरिक गराउने काममा लघु, घरेलु साना उद्योगहरुको बढी हात हुन सक्छ। तर यसै क्षेत्रबाट सामाजिक सुरक्षा अभियानमा खासै चासो दिएको देखिँदैन ।

हाल मुलुकका धेरै निजी क्षेत्रमा भनौं सञ्चार, दूर सञ्चार, शिक्षा, सहकारी एवं बैंकहरुमा धेरै युवाशक्ति परिचालित छन् । मुलुकमा पछिल्लो समय देखिएको निजी क्षेत्रको संलग्नताले युवा रोजगारी सिर्जनामा धेरै सहयोग पुगेको हो । तर कोरोना सन्त्रासबाट भएको लकडाउनका कारण यी संस्थाहरु तत्कालै उठ्न सक्ने स्थितिमा छैनन् । कतिले भएका रोजगारी पनि गुमाइ सकेका छन् । पर्यटनक्षेत्र त्यसको अर्को उदाहरण हो, समृद्ध देश अमेरिकामै रोजगारी गुमाउने धेरै भए । हाम्रो सरकार भन्छ धेरै राहत खोज्ने हो भने कर बढाउनु पर्छ । खर्च कटौती गर्न सक्ने धेरै आधारहरु छन् त्यतातिर ध्यान दिनु भन्दा अफिस सञ्चालनकै लागि एउटैको डेढ करोड पर्ने महँगो गाडी किन्न सरकार पछि पर्दैन । स्वदेशमा शिक्षाको वातावरण तय भइसकेको छैन । मध्यम र उच्च शिक्षा प्राप्त युवा शक्ति विदेश पलायनबाट कसरी रोक्ने त्यसतिर आँखा लाउनु पर्ने हो । मुलुकभित्रै आर्थिक, उत्पादन, सेवा क्षेत्रमा संलग्न हुने अवसर पाए कसैलाई विदेश जाने रहर हुँदैन । व्यवहारिक र व्यवसायिक शिक्षाको अभाव छ मुलुकमा ! युवा जोस जाँगरको प्रयोग हुनेगरी दिइने तालीम, शिक्षण, प्रशिक्षणको अभाव छ यहाँ ! केही तालिम, शिक्षण, प्रशिक्षण संस्थाहरु भए पनि समन्वयको अभाव छ। बढ्दो युवा जनसंख्यालाई उद्यमशीलता अभियानमा सरिक गराउन सके मुलुकमै उद्योग धन्दाहरु फस्टाउने थिए । तर, सरकारलाई लगानीको वातावरण तय गर्ने फुर्सद छैन। कालापानी, लिम्पियाधुरा हेर्ने कि मेचीदेखि कालीसम्मको पूरै दक्षिणी भेगमा सीमा समस्या छ त्यता हेर्ने कि । सत्तासीन दलभित्र किचलो छ, बैठक बस्ने भन्दै मिति टार्नेतिर ध्याउन्न छ, कता हेर्ने कता नहेर्ने ? निहुँ पाए लक्डाउन गरी दिए भइहाल्यो। विषयपिच्छे सरकारलाई जनताले औंला ठड्याएका छन्, तर हेर्ने समय छैन । मानौं सबैतिर सकस छ अहिले। देशमा उत्पादन वृद्धि गरी आयातलाई प्रतिस्थापन गर्ने वातावरण छैन। कोरोनाको राहत बाँड्न पनि विदेशी चामल आवश्यक छ। व्यापार घाटा चुलिँदो छ। नेपाली श्रम खेर जाँदा लक्डाउनको एकाध महिनामा ४ अर्वको तरकारी आयात गर्ने कस्तो परिवेश होला हाम्रो ।

देशमा सुखका दिनको आशा गर्दै प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र मुलुकमा स्थापनाका लागि धेरै युवा शक्तिले आफ्नो जोस्, जाँगर देखाए तर त्यही जनशक्तिलाई मुलुकले विकासको अभियानमा शरीक गराउन सकेन ।

# नेपाली सन्दर्भमा अन्तर्राष्ट्रिय युवा दिवस



मनोहर कार्की

आजको विश्वमञ्चमा युवाका आवश्यकता, समग्र विकास र परिवर्तनका दिशामा युवाको भूमिकालाई सम्बोधन गर्ने दिशामा कार्य हुनुपर्दछ । विकास र परिवर्तनतर्फका साझा प्रयास र वर्तमानका चुनौतीलाई सामना गर्नेतर्फ विश्वमञ्चको दृष्टिकोण कुनै न कुनै रुपमा युवाप्रति लक्षित भएको नै छ ।

सन् १९९८ को अगष्टमा पोर्चुगालको राजधानी लिस्वनमा आयोजित विभिन्न देशका युवा मन्त्रालय हेर्ने मन्त्रीहरुको विश्व सम्मेलनले सर्वसम्मत रुपमा सुझावसहित पारित गरेको प्रस्तावका सुझावका आधारमा सन् १९९९ को डिसेम्बरमा भएको सयुंक्त राष्ट्रसघंको साधारणसभाले सर्वसम्मत रुपमा पारित गरेको प्रस्ताव अनुसार प्रत्येक वर्षको अगष्ट १२ तारिखलाई अन्तर्राष्ट्रिय युवा दिवसको रुपमा मनाउन थालिएको हो । यस दिवसलाई सार्थकता दिन युवाहरुलाई विकास र सहभागितामा अधिकतम परिचालन गर्ने उद्देश्यका साथ युवा केन्द्रीत मुद्दा तथा चेतनामुलक कार्यक्रमहरु परिलक्षित रहेका छन् । उद्यमशीलता, नवप्रबर्तन, विकासमा साझेदारी जस्ता क्षेत्रमा युवाको भूमिका र समुदायका आवश्यकता परिपूर्तिमा उनीहरुको योगदानलाई बढावा दिन सक्नुपर्दछ भन्ने ध्येयका सन्देश प्रवाह गर्नु छ ।

नेपालको सन्दर्भमा युवालाई विकासको साझेदारी र परिवर्तनको सम्वाहकका रुममा महत्व दिएर युवा केन्द्रीत कार्यक्रमलाई सरकारको नीतिगत कार्यक्रममा पनि समावेश गरिएको छ । नेपालका युवाहरुको विकास तथा उनीहरुमा रहेका सिर्जनशीलता, उर्जा र विकासमा पुऱ्याउन सक्ने योगदानको सम्भाव्यतालाई मनन गरी केही वर्ष अघि नै युवा तथा खेलकुद मन्त्रालयले संस्थागत रुपमा युवा केन्द्रित कार्यक्रमहरु सञ्चालन गरी आएका छन् । तर ती युवा लक्षित कार्यक्रमहरु सोचे जस्तो प्रभावकारी हुन सकेनन् । कार्यान्वयनका दिशामा भए गरेका कमि कमजोरीको मिहिन समीक्षा गरी आगामी कार्यक्रममा निखारता ल्याउन सक्नुपर्दछ । सरकार ीस्तरमा नै युवा तथा खेलकुद मन्त्रालयको अगुवाईमा विगतका वर्षहरुदेखि नै युवा लक्षित कार्यक्रमहरु अघि नबढेका होइनन् । विकासको मेरुदण्डका रुपमा रहेका युवाहरुको समयानुकुल विकास र तिनका सीप, शिक्षा तथा ज्ञानको ठोस रुपान्तरण सन्दर्भमा सरकारी निकायले आफ्ना कार्यक्रम तथा नीतिगत योजनामा युवा लक्षित कार्यक्रमलाई यथोचित बजेट विनियोजन, रोजगारीका अवसरको सिर्जना तथा उद्यमशील जनशक्ति निर्माणका दिशामा सार्थक प्रयास हुने थियो ।

राष्ट्रिय युवा परिषद्को गठन भयो । यसका सञ्चालक तथा पदाधिकारीहरुले युवा विकास र मुलुकको विकासको साझेदारीका उर्जा वा शक्तिका रुपमा रहेका युवालाई उत्साहित, प्रोत्साहित र उद्यमी बनाउने खालका ठोस कार्यक्रम ल्याउन सकेको छैन। युवालाई सीपसँग जोड्ने, रोजगारीसँग गाँस्ने, युवालाई उद्यमी बनाउने तथा नवप्रवर्तनका क्षेत्रमा प्रोत्साहन गर्ने, खेलकुद र अन्तर्राष्ट्रियता भावनाको विकास गर्ने दिशामा राष्ट्रिय युवा परिषद्ले केही गर्नुपऱ्यो । मुलुकको सकृय जनसंख्या युवा हुन् । यिनीहरुको सीप र ज्ञानको भरपुर उपयोग गरिनु पर्दछ स्वदेशमै । जसका लागि प्रभावकारी युवा नीति र कार्यक्रम ल्याइनु पर्दछ । देशका ४०/५० लाखको हाराहारीका युवा रोजगारीका लागि विदेश पलायन हुनु हाम्रो ठूलो चुनौती हो । युवाका मागलाई सम्बोधन गरौं, यहीं काम, पैसा र सम्मानको परम्परालाई दरिलो संस्थागत गरौं । श्रम तथा रोजगार मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालयलगायत सम्बन्धित सबै सरकारी गैरसरकारी र निजी क्षेत्रले सहकार्य र सहयोगका क्षेत्र विस्तार गरेमा केही परिवर्तनको आभाष पाउन सकिन्छ ।

कोरोना भाइरसको विश्वव्यापी महामारीको चपेटामा विश्व आक्रान्त छ। रोजगारी, व्यवसायलगायतका क्षेत्रमा विश्वका विभिन्न मुलुकमा लाखौं नेपाली पुगेका छन् । तिनमा अधिकतम संख्या युवाको छ । अझ रोजगारीका लागि मध्यपूर्व, मलेसिया, दक्षिण कोरियालगायत युरोपका विभिन्न मुलुकमा नेपाली युवा रहेका छन्। जोखिमपूर्ण काममा, मौसमी प्रतिकुलताका बाबजुद पनि नेपाली युवाले विदेशमा श्रम र पसिना बगाई रहेका छन् । यसैबीच कोरोनाका महामारीकाबीच रोजगारीमा रहनु पर्ने बाध्यता छ । उनीहरुको जीवन र कामको सुरक्षा आफैंमा सबैको चासो र चिन्ताको विषय छ। स्वदेश फर्कन चाहने नेपालीको स्वदेश गमन तथा भरपर्दो स्वास्थ्य जाँच र उचित व्यवस्थापनमा सरकारले प्राथमिक चासो दिनुपर्दछ।

विश्वका विभिन्न युवाहरुको आ-आफ्नो देश, काल परिस्थिति अनुसारका आवश्यकता तथा समस्याहरु रहेका छन् । विकसित देशका युवाहरुका आवश्यकता तथा अतिकम विकसित एशिया, अफ्रिका तथा ल्याटिन अमेरिकी देशका युवाहरुको आवश्यकताको पहिचान तथा विद्यमान विश्व व्यवस्थामा तिनका क्षेत्रगत समस्यालाई सम्बोधन गर्ने दिशामा संयुक्त राष्ट्रसंघलगायतका निकायको प्रयासमा सम्बन्धित देशले युवा विकास तथा युवा परिचालन सम्बन्धि स्पष्ट नीतिगत कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने दिशामा प्रभावकारी काम गर्न विलम्ब गरिनु हुँदैन । साझा प्रयास र प्रतिबद्धता आजको आवश्यकता हो । भोलीको सुन्दर भविष्यको कोरा कल्पनामा मात्र हामीले हाम्रो शक्ति र उर्जा खर्च गर्ने समय छैन । जसका लागि परिवर्तन र रुपान्तरणका दिशामा ठोस कार्यको आवश्यक छ। युवा विकास तथा सामाजिक रुपान्तरणका लागि राष्ट्रिय नीति तथा युवा लक्षित कार्यक्रममा सबै क्षेत्र र वर्गको साझा सोच, चिन्तन र दिशाबोध हुनुपर्दछ ।

युवा नीति-२०७२, युथ भिजन-२०२५ तथा अन्तर्राष्ट्रिय कानुन र युवा लक्षित मुद्दा कार्यान्वयनले सोचेजस्तो व्यवहारिक कसिमा आउन नसकेको आम गुनासो छ । युवा लक्षित नीति तथा कायक्रमले युवामा आशा र भरोसा दिन सकेको छैन । युवा र एक्काइसौं शताब्दीका चुनौतीलाई सम्बोधन गर्ने दिशामा ठोस कदम चाल्न नसकिनु विडम्बना हो । नेपालका युवाहरुमा देखिएको विकराल समस्या लागु पदार्थ दुर्व्यसन, बेरोजगारीलगायतका समस्याको पेचिलो सम्बोधन र यस्ता समस्याको दिशामा कार्यक्रम परिलक्षित हुनुपर्दछ । जसका लागि विद्यालयस्तर देखिनै खेलकुद तथा स्वस्थ मनोरन्जन र युवाहरुलाई नविन सिर्जनात्मक कार्यमा लगाउने दिशामा सम्बन्धित निकायको ध्यान पुग्नुपर्दछ । युवालाई विकास तथा सिर्जनाका क्षेत्रमा अभिमुख गर्न उनीहरुको मनोवल उच्च राख्ने सवालमा सरोकारवाला निकायले युवामैत्री वातावरण बनाउने कार्यको प्रभावकारीता आजको आवश्यकता पनि हो।

नेपाली युवा रोजगारीका लागी वर्षेनी हजारौंका संख्यामा मध्यपूर्वका खाडी मुलुक, मलेसिया तथा दक्षिण कोरियामा कृषि, औद्योगिक, निर्माण तथा सेवा उद्योगमा रोजगारीका लागि गइरहेका छन् । वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुमा गइरहेका नेपाली युवाहरुको रोजगारीको ग्यारेन्टी, तलब र ज्यालाको न्यायोचित व्यवस्थापन, सुरक्षाको प्रत्याभूति र कार्यस्थलमा दुर्घटना भएमा यथोचित उपचारको व्यवस्थाका लागि सम्बन्धित निकायले तदारुकताका साथ कार्य गर्नुपर्दथ्यो भन्ने सन्दर्भमा जनगुनासो पूर्णतः सम्बोधन भएको देखिँदैन । यस दिशामा सम्बन्धित देशमा कार्यरत राजदुतावास, श्रम सहचरीलागायतका निकायको ध्यान पुग्नुपर्दछ। नागरिकको सुरक्षित कार्य वातावरण, सेवा सुविधाको न्यायोचित वितरण लगायतका कुरा आधारभूत मानवाधिकारसँग पनि जोडिएका विषय हुन् ।

प्रचलित युवा नीतिको सवल कार्यान्वयन गर्न सकिएमा एकहदसम्म रोजगार, सीप आर्जन तथा अध्ययनका लागि वर्षेनी हजारौं युवा विदेशमा जाने, सयौं युवा जनशक्ति पलायन हुने परम्परालाई निरुत्साहित गर्न सकिन्थ्यो ? यस दिशामा सबैको ध्यान पुग्न सकेको खण्डमा युवा दिवस मनाउनुले सार्थकता पाउने थियो। युवा परिवर्तनका सम्वाहक हुन, परिवर्तनका अनुयायी र चेन्ज मेकरको रुपमा नेपाली युवालाई राष्ट्र निर्माणको मूलधारमा ल्याउने दिशामा जुझारु र क्रियाशील बनाउन ठोस कार्यक्रमले अवश्य पनि मद्दत गर्नेछ । हाम्रा इच्छाशक्ति, कार्ययोजना तथा युवा लक्षित कार्यक्रमको कार्यान्वयन आवश्यककता पनि हो । साझा चिन्तन यसैमा परिलक्षित हुनुपर्दछ ।

## कोरोना चपेटामा अमेरिका

# न्यूयोर्कमा मृतकको संख्या लुकाइयो



**काठमाडौं/रासस-** ब्रोक्सस्थित रिभरडेल नर्सिङ होमका कागजातमा यसपटकको कोरोनाभाइरस महामारीको सबैभन्दा खराब अवस्थाबाट उम्कन सफल भएको देखिएको छ। राज्यको आधिकारिक विवरणमा १४६ शैयाको यस नर्सिङ होममा चार जनाको मात्र मृत्यु भएको उल्लेख छ। तर नर्सिङ होमका अनुसार सत्य निकै डरलाग्दो छः यहाँ २१ जनाको ज्यान गएको थियो। उनीहरूको मृत्यु हुनुअघि हतारमा अस्पतालमा सारिएको थियो।

'यहाँ एक नियमित आकस्मिकता झैं थियो,' प्रशासक एमिल फुजायेभले भने। 'एक पछि अर्को व्यक्तिको मृत्यु भएको थियो।' न्यूयोर्कका नर्सिङ होमहरुमा कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या वास्तवमै ठूलो छ। न्यूयोर्क राज्यमा अमेरिकामै सबैभन्दा बढी नागरिकको कोरोनाभाइरस संक्रमणबाट ज्यान गएको थियो। राम्रो सेवा सुविधा दिएको दाबी गर्ने नर्सिङ होमहरुले संकटका घडीमा राम्रो काम गर्न नसकेको आरोप लाग्न थालेको छ।

उनीहरुले नर्सिङ होममा आश्रित व्यक्तिहरुको मृत्युको संख्या पनि न्यून देखाएका छन्। नर्सिङ होममा बिरामीको मृत्यु हुनैलाग्दा अस्पताल पुऱ्याइएका ती व्यक्तिलाई नर्सिङ होमको रेकर्डमै राखिएको छैन। त्यस विवरणले नर्सिङ होममा मानिसको मृत्यु भएको देखाउँदैन।

राज्यको आधिकारिक केयर होममा भएको मृत्युको संख्या हालसम्म केवल ६ हजार ६०० मात्र देखाइएको छ। तर डेमोक्र्याटिक पार्टीका तर्फबाट गभर्नर रहेका एन्ड्रु कुमो प्रशासनले यो संख्या बताउन इन्कार गरेको छ। अन्य राज्यभन्दा राम्रो काम गरिरहेको देखाउन पनि कुमो प्रशासनले वास्तविक विवरण लुकाउन खोजेको आरोप छ।

यसै महिनाको शुरुमा नर्सिङ होमसम्बन्धी एक संसदीय सुनुवाईका क्रममा न्यूयोर्कका स्वास्थ्य आयुक्त होवार्ड जुकरलाई राज्यका सिनेटर गुस्ताभो रिभेराले व्यंग्यमिश्रित भनाइ राखेका थिए, 'यही त समस्या हो। यस मुद्दालाई तपाईं अलग रुपमा परिभाषित गर्न प्रयास गरिरहनु भएको छ ताकि तपाई अरु राज्यभन्दा अझ राम्रो देखिन सक्नु हुन्छ।'

यसले कति धेरै फरक पार्न सक्छ ? मे महिनायता, संघीय नियामकहरूले नर्सिङ होमहरूलाई कोरोनाभाइरसबाट व्यक्तिको मृत्युका बारेमा विवरणहरु प्रत्येक हप्ता बुझाउन भनिरहेका छन् चाहे उनीहरुको मृत्यु नर्सिङ होममा होस् वा अस्पतालमा।

किनभने न्यूयोर्कको प्रकोप उच्चतम विन्दुमा पुगे पनि विवरणहरु तुलनात्मक रूपमा सानो छ। संघीय विवरणका अनुसार, राज्यको नर्सिङ होमहरुमध्ये पाँचौं होमले जुनको शुरुदेखि मध्य जुलाईको बीचमा त्यहाँ आश्रित व्यक्तिको मृत्युको घटना टिपाएका थिए जसमा ३२३ व्यक्तिको मृत्यु भएको जनाइएको छ जबकी राज्यले गरेको गणनामा त्यस अवधिमा १९५ जनाको मात्र ज्यान गएको देखिएको छ। महामारीको सुरुदेखि नै आधा मात्रै गणना गर्दा पनि नर्सिङ होमहरुमा एक हजारभन्दा बढीको मृत्यु भएको अनुमान गर्न सकिन्छ, र यो संख्या हजारौं हुन सक्नेछ।

संख्याको अर्को समूहले पनि गणनामा कमजोरी रहेको देखाएको छ। राज्यको स्वास्थ्य सेवा विभागले गरेको सर्वेक्षणले यस वर्ष नर्सिङ होमहरुमा २१ हजार शैया खाली रहेको देखाएको छ, जुन अनुमानभन्दा १३ हजार बढी हो। यसले नर्सिङ होममा मृत्यु हुनेको आधिकारिक संख्या झन्डै दोब्बर रहेको देखाउँछ। हो, महामारीका बीचमा नर्सिङ होममा आश्रय लिन खोज्नेको संख्यामा कमी आएको र मानिसहरूले आफ्ना प्रियजनलाई नर्सिङ होममा नपठाउन चाहेको केही संख्या पनि हुन सक्छ। तर ठूलै संख्यामा शैयाहरु खाली हुँदा शंका उत्पन्न गराएको छ।

न्यूयोर्कको गणना त्रुटिपूर्ण रहे पनि गभर्नर कुमोले अन्य राज्यहरूको तुलनामा राम्रो गरिरहेको भन्न हिच्किचाएका छैनन्। न्यूयोर्कका नर्सिङ होममा भएका मृत्युका बारेमा कुमोलाई प्रश्न गर्दा उनी हरेकचोटि त्यस्तो आलोचना राजनैतिक रूपमा अभिप्रेरित रहेको भन्दै टिप्पणी गर्ने गर्छन्। उनी न्यूयोर्क राज्यका नर्सिङ होममा मृत्यु भएकाहरुको संख्या कूल संख्याको २० प्रतिशत रहेको दाबी गर्छन्।

उनको भनाइमा न्यूयोर्कका नर्सिङ होममा भएको मृत्युसंख्या दर अन्य राज्यभन्दा कम रहेको छ। पेन्सिल्भेनिया राज्यमा कूल मृतकमध्ये नर्सिङ होममा आश्रितको संख्या ६८ प्रतिशत, म्यासाचुसेट्समा ६४ प्रतिशत तथा न्यूजर्सीमा ४४ प्रतिशत रहेको विवरण सार्वजनिक भइसकेका छन्।

एसोसिएटेड प्रेसले गरेको सर्वेक्षणले देशभर ६८ हजार २०० भन्दा बढीको मृत्यु नर्सिङ होम र यस्तै स्थानमा आश्रित व्यक्ति एवं नर्सिङ कर्मचारीको मृत्यु भएको देखाएको छ। केजर फेमिली फाउन्डेसनले तयार पारेको ४३ राज्यका नर्सिङ होमको विवरण अनुसार कूल मृतकमध्ये नर्सिङ होममा आश्रितहरुको संख्या ४४ प्रतिशत रहेको छ। यही अनुपातलाई आधार मान्दा पनि न्यूयोर्कमा ११ हजारभन्दा बढी व्यक्तिको नर्सिङ होममा मृत्यु भएको मान्न सकिन्छ।

# ढल्यो लेबनानको सरकार



**बेरुत विस्फोट**

**काठमाडौं/एजेन्सी-** गत हप्ता लेबनानको राजधानी बेरुतमा भएको शक्तिशाली विस्फोटपछि नैतिकताको आधारमा भन्दै लेबनानका प्रधानमन्त्रीले राजीजनामा दिएका छन्। सो विस्फोटमा परी २०० जनाभन्दा बढीको ज्यान गएको थियो। त्यस विस्फोटनका कारण लेबनानका नागरिकहरुले व्यापक रुपमा आक्रोश व्यक्त गरिरहेका थिए।

नागरिकले प्रधानमन्त्रीका विरुद्धमा प्रदर्शन पनि गरेका थिए। यसैक्रममा प्रधानमन्त्री हसन दीयाबले सोमबार आफ्नो पदबाट राजीनामा दिएको घोषणा गरेका हुन्। प्रधानमन्त्री दियाबले लेबनानको राष्ट्रिय टेलिभिजनमार्फत सोमवार साँझ देशबासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्रीको पद त्याग गरेको घोषणा गरेका थिए।

लेबनानका नागरिकले सरकारमाथि भ्रष्टाचारको आरोप लगाएका थिए। उनीहरुले सो विस्फोट हुनुमा पनि सरकारको भ्रष्टाचारजन्य क्रियाकलाप जोडिएको बताएका थिए। त्यसैगरी यहाँका नागरिकले वर्तमान प्रधानमन्त्री र सरकारमाथि र असक्षमताको आरोप पनि लगाएका छन्।

लेबनानमा आक्रोशमा रहेका मानिसहरूले सोमबार पनि लगातार तेस्रो दिन प्रदर्शन गरेका थिए। राजधानी बेरुतमा भएको प्रदर्शनमा प्रहरीसँग पनि झडप भएको थियो। बेरुतस्थित बन्दरगाहमा असुरक्षित अवस्थामा राखिएको भनिएको एमोनियम नाइट्रेटका विस्फोट हुँदा त्यहाँका २०० भन्दा बढी मानिसको ज्यान गएको थियो भने अरु हजारौं जना घाइते भएका थिए।

उनले सो टिभीमा दिनुभएको सम्बोधनमा आफूले भ्रष्टाचार नगरेको भन्दै बचाउ पनि गरेका थिए। तर देशमा भ्रष्टाचार भएका कारणले नै त्यो विस्फोट हुन पुगेको बताएका थिए। उनले लेबननमा भ्रष्टाचार देशभन्दा पनि ठूलो रहेको भन्दै त्यही भ्रष्टाचारमध्येको एक घटना बेरुतमा भएको विस्फोट हो भने।


## डब्लुएचओले स्वास्थ्य सहायता सामग्री पठायो

काठमाडौं/एजेन्सी- विश्व स्वास्थ्य संगठनले बेरुतमा १७ लाख अमेरिकी डलर बराबरको स्वास्थ्य सहायतासम्बन्धी सामग्री पठाइएको जनाएको छ। पछिल्ला केही दिनमा लेबनानले निकै ठूलो समस्याको सामना गरिरहेकोले मानवीय सहायता स्वरुप त्यहाँ ती स्वास्थ्य सामग्री पठाइदिएको जनाइएको छ।

लेबनानमा एकातर्फ विस्फोटका कारण ठूलो जनधनको क्षति भएको छ भने अर्कातर्फ यहाँका नागरिकले सरकारका विरुद्धमा आन्दोलन शुरु गरेकोले अवस्था निकै अप्ठेरो भएकोले लेबनानलाई कोभिड १९ विरुद्ध लड्नका लागि सहयोगस्वरुप ती सामग्री पठाइएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस आधानम गेब्रियोसले जनाएअनुसार दुबइमा रहेको विश्व स्वास्थ्य संगठनको भण्डारणबाट लेबनानमा सामग्री पठाइएको छ।

विश्व स्वास्थ्य संगठनले लेबनानमा पुगेर यहाँका नागरिकको कोभिड १९ बाट हुने संक्रमणको जोखिम कम गर्नका लागि पनि सहयोग गरिरहेको बताएको छ। उनले करिब १७ लाख अमेरिकी डलर बराबरका औषधी अन्य सामग्रीहरु पठाइएको जानकारी दिए। उनले अहिले लेबनानमा अप्ठेरो अवस्था आएकोले यस्तो बेलामा नागरिकको स्वास्थ्य जोखिममा नपरोस् भनेर उक्त सहायता पठाइएको जानकारी दिए।

# कोरोनाविरुद्धको भ्याक्सिन तयार भएको रुसको दावी




**काठमाडौं/एजेन्सी-** रुसले कोरोना भाइरसविरुद्धको भ्याक्सिन पत्ता लगाएको दावी गरेको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका अनुसार भ्याक्सिनको सफल परिक्षण भएको छ भने त्यहाँको स्वास्थ्य मन्त्रालयले पनि अनुमति दिएको छ। 'गाम कोभिड भ्याक ल्योए' नामको यो भ्याक्सिन ठूलो संख्यामा उत्पादन गरिने पुटिनले बताएका छन्।

पुटिनले आफ्नै छोरीमाथि परीक्षण भएको र नतिजा सफल देखिएको दावी गरेका छन्। मंगलवार भ्याक्सिन पत्ता लागेको घोषणा गर्दै पुटिनले भनेका छन्, 'हामीले कोरोनाको सुरक्षित भ्याक्सिन बनाएका छौं। त्यसले सरकारीस्तरमा अनुमति पनि पाएको छ।'


कोरोना भाइरसविरुद्ध बनाइएको विश्वकै पहिलो यो भ्याक्सिनलाई रक्षा मन्त्रालय र गामालेया नेशनल सेन्टर फर रिसर्च अन इपिडिमियोलोजी एन्ड माइक्रोबायलोजीले मिलेर तयार गरेका हुन्। यो भ्याक्सिन सबैभन्दा पहिले फ्रन्टलाइन स्वास्थ्यकर्मी, शिक्षक र जोखिममा परेका मानिसलाई लगाइने छ।

यसैबीच फिलिपिन्सका राष्ट्रपति रोड्रिगो डुटर्टेले कोरोनाभाइरसको भ्याक्सिन बनाउनमा रुसको कोसिसलाई अत्यधिक तारिफ गरेका छन्। समाचार एजेन्सी रोयटर्सका अनुसार उनले रुसको यो भ्याक्सिन ट्रायलमा समावेश हुने इच्छा व्यक्त गरेका छन्। रुसले फिलिपिन्सलाई यो भ्याक्सिन प्रदान गर्न बचन दिएको छ। फिलिपिन्समा पनि रुसको भ्याक्सिनको उत्पादन गर्न सकिने सम्भावना छ।

फिलिपिन्स एशियाको त्यो देशमा समावेश छ जहाँ कोरोना संक्रमितको संख्या धेरै छ। फिलिपिन्समा हालसम्म कोरोनाभाइरस संक्रमितको संख्या १ लाख लाख ३६ हजार ६ सय नाघेको छ। सोमबार अबेर राती डुटर्टेले टिभीमा भने, 'म राष्ट्रपति पुटिनलाई कोभिड-१९ को लडाईंमा रुसको अनुसन्धानमा मेरो पूर्ण विश्वास भएको बताउन चाहन्छु। तपाईंकोमा जुन भ्याक्सिन तयार हुन लागेको छ, त्यो मानवताको हितमा रहेको मलाई पूर्ण विश्वास छ।'

संसारभरी कोरोनाभाइरसको भ्याक्सिन बनाउने होडबाजी चलिरहेको छ। यसका लागि चिन्ता पनि व्यक्त गरिँदै छ। रुसको भ्याक्सिनको विषयमा विश्व स्वास्थ्य संगठनले पनि शंका व्यक्त गरेको थियो। यस्तोमा फिलिपिन्सका राष्ट्रपतिले रुसको भ्याक्सिनको पहिलो प्रयोग आफूमाथि गर्न सकिने प्रस्ताव पेश गरेका छन्। मंगलबार डुटर्टेले फिलिपिन्स रुसको भ्याक्सिनको समर्थनमा भएको र आफू ट्रायल, उत्पादनका साथै आपूर्तिमा मद्दत गर्ने बचन दिए।

# भुटानमा पहिलो पटक लकडाउन



**काठमाडौं/एजेन्सी-** भुटानले मंगलबार कोरोना भाइरस (कोभिड १९) नियन्त्रणको लागि पहिलोपटक लकडाउनको घोषणा गरेको छ। विदेशबाट फर्किएकी एक महिलामा कोरोना भाइरसको संक्रमण देखिएसँगै भुटानले मुलुकभर लकडाउनको निर्णय गरेको हो।

भुटानको स्थानीय प्रशासनले दिएको जानकारी अनुसार २७ वर्षीया भुटानी महिला कुबेतबाट फर्किएकी थिइन्। उनलाई क्वारेन्टिनमा राखिएको थियो र कोरोना भाइरसको परीक्षण गर्दा नेगेटिभ आएपछि उनलाई क्वारेन्टिनबाट घर पठाइएको थियो। यद्यपि सोमबार एक क्लिनिकमा पुनः परीक्षण गर्दा भने उनलाई कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो।

भुटानको सरकारले सबै संक्रमितको पहिचान गरी उनीहरुलाई आइसोलेट गर्न सकियोस् भन्ने हेतुले अनिश्चितकालीन लकडाउन घोषणा गरिएको बताएको छ। अहिलेसम्म भुटानमा कोरोना भाइरस ११३ संक्रमित फेला परेका छन्। अहिलेसम्म भुटानमा कोरोना भाइरसको कारण कसैको मृत्यु भएको छैन।

सरकारले सबै मानिसहरुलाई घरमा नै बस्न र आफू र आफ्नो परिवारलाई यो रोगबाट बचाउन आग्रह गरेको छ। सबै विद्यालय, संस्थान, कार्यालयहरु र व्यावसायिक क्षेत्रहरु यो लकडाउनको अवधिमा बन्द रहनेछन्। साथै विद्यार्थीहरुको परीक्षा पनि स्थगित भएको छ।

# ह्वाइट हाउस नजिकै गोली चल्यो




**काठमाडौं/एजेन्सी-** ह्वाइट हाउसको बाहिर एक व्यक्तिसँग विवाद भएसँगै अमेरिकी गुप्तचर सेवाका एक अधिकृतले ती व्यक्तिमाथि सोमबार गोली चलाएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले टेलिभिजनबाट पत्रकार सम्मेलन गरिरहेको समयमा उक्त घटना भएको थियो। अधिकारीहरुले पत्रकार सम्मेलनकै बीचमा राष्ट्रपति ट्रम्पलाई घटनाका बारेमा जानकारी गराएका थिए।

अमेरिकी गुप्तचर सेवाका प्रमुख टम सुलिभानले ह्वाइट हाउस परिसर सुरक्षित रहेको र कसैबाट खतरा नरहेको बताए। सुलिभानले गोली लागेका व्यक्तिले आफूसँग हतियार रहेको दाबी गरेको बताएका छन्। नाम थर नखुलाइएका ती ५१ वर्षीय पुरुषले गुप्तचर सेवाका अधिकृतमाथि एक्कासी जाइलागेको पनि सुलिभानले बताए। कानुन कार्यान्वयन अधिकारीहरुले ती व्यक्तिको उद्देश्य पहिल्याउने प्रयास गरिरहेका छन्।

राष्ट्रपति ट्रम्पले कोरोनाभाइरससँग सम्बन्धित विवरण सार्वजनिक गर्नै लाग्दा अमेरिकी सिक्रेट सर्भिसका एजेन्टले ट्रम्पलाई ब्रिफिङ कक्षबाट भित्र लगेका थिए। राष्ट्रपति ट्रम्प ९ मिनेटपछि पुनः ब्रिफिङ कक्षमा प्रवेश गरेका थिए। उनले ह्वाइट हाउस बाहिर गोली चलेको र त्यो नियन्त्रणमा आइसकेको जानकारी दिएका थिए।

ट्रम्पले भन्नुभयो, 'त्यहाँ साँच्चिकै गोली चलेको र एक व्यक्तिलाई अस्पताल लगिएको छ।' ट्रम्पले एजेन्टले आफूलाई ओभल अफिसमा लगेको जानकारी पनि दिए। उक्त घटनापछि ह्वाइट हाउसलाई लकडाउन गरिएको थियो। सोमबार साँझ सुलिभानले जारी गरेको एक वक्तव्यमा गोलीकाण्ड स्थानीय समयअनुसार साँझ ६ बजे भएको उल्लेख छ।

# 'भारतसँग रणनीतिक विश्वास कायम गर्नु पहिलो प्राथमिकता'

**काठमाडौं/एजेन्सी-** चिनियाँ विदेश मन्त्रालयले विवादित सीमा क्षेत्रहरुमा शान्ति कायम गरेर भारतसँग रणनीतिक विश्वास कायम गर्नु चीनको कूटनीतिक प्राथमिकता भएको बताएको छ। विदेश मन्त्रालयले आगामी दिनमा चीनले छिमेकी मुलुकहरुका साथ 'साझा हित' विस्तार गर्ने प्रयास गर्ने पनि जनाएको छ।

समाचार एजेन्सी सिन्हुआको प्रश्नको जवाफमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता चाओ लिजियानले चीन र भारतले मिलेर सीमामा शान्ति, सुरक्षा कायम गर्नुपर्ने र द्विपक्षीय सम्बन्धहरुलाई मजबुतीका साथ अगाडि बढाउनुपर्नेमा बताए। उनले भने, 'हामी छिमेकी देश र अन्य विकासशील देशहरुका साथ पारस्परिक विश्वास र साझा हित बढाउने दिशामा काम जारी राख्छौं।'

समाचार एजेन्सी सिन्हुआले विदेश मन्त्रालयका प्रवक्तासँग कोविड-१९ को महामारीका कारण अन्तर्राष्ट्रिय कूटनीतिमा परिवर्तन आएको अवस्थामा चीनले अमेरिका, रूस, युरोपियन युनियन, जापान र भारतका कस्तो प्रकारका कूटनीतिक प्राथमिकताहरु तय गरिरहेको छ भन्ने बारेमा प्रश्न गरेको थियो।

यद्यपि, चिनियाँ विदेश मन्त्रालयका प्रवक्ताले पूर्वी लद्दाखमा लाइन अफ एक्चुअल कन्ट्रोल (एलएसी) मा जारी दुई देशबीचको तनावका बारेमा भने केही प्रतिक्रिया नदिएको बीबीसीले जनाएको छ।

एलएसीमा दुवै देशका सैनिकहरुका बीचमा हिंसक झडपपछि भारत र चीनबीच कैयौं पटक कूटनीतिक र सैन्य छलफल भइसकेको छ। तर, ती छलफलहरु परिणाममुखी हुन सकेका छैनन्।


**सभापोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाह्रबिसे, संखुवासभा**
**प्रदेश नं. १, नेपाल**

**(प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना)**

सूचना प्रकाशित मिति : २०७७।०४।२८

सभापोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा संचालित रोजगार सेवा केन्द्रमा आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्ति गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरीकले १५ दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | SRM/077/78-01 | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. पदपुर्ति संबन्धी प्रक्रिया : यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ र गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया बमोजिम हुनेछ।

नोट :- दरखास्त फाराम र थप जानकारीको लागि www.pmep.gov.np/ www.savapokharimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२८

साविक कम्पनी (नर्भिक ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि. /Norvic International College of Medical Sciences Pvt. Ltd.) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (एस.एस. ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि./S.S. International College of Medical Sciences Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी यस नर्भिक ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि.को नाम कम्पनीको विशेष साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७।०४।१९ को स्विकृती निर्णयानुसार परिवर्तन भै एस.एस. ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि.कायम भएकोले सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/२८

यस कम्पनीको मिति २०७४/१०/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्टरनेशनल माइनर्स एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि.नं. १८३००१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वर्ल्डवाइड माईन्स डिलर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०५/११ मा दर्ता भएको **प्रा.लि. नं. २२२६५६** को **याड क्यापिटल ग्रुप प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०४/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# बक्स अफिस समाचार

## प्रियंकाको आक्रोश

# 'के महिला कलाकार सम्मानलायक छैनन् ?'



**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

विवाह अगाडि बिग्रिएकी अभिनेत्री प्रियंका कार्की विवाहपछि संस्कारी भएको भनेर एक सञ्चारमाध्यमले प्रकाशन गरेको समाचारप्रति महिला कलाकार हरुले विरोध जनाएका छन् । उक्त समाचारप्रति असन्तुष्टि व्यक्त गर्दै प्रियंकाले फेसबुकमा लामो स्टाटस लेख्दै महिला कलाकारहरु निरन्तर साँघुरो मानसिकताको शिकार भएको देख्दा चिन्ता लाग्ने गरेको बताएकी छन् ।

केही महिला कलाकारलाई स्टाटस ट्याग गर्दै उनले लेखेकी छन्, 'के तपाईंका छोरी चेली संस्कारी छन्/छैनन् ? बिहे गरिदिनुस् । शरीर ढाकिदिनुस् । चुलो-चौको गरेर शरीर ढाकिदिए बल्ल छोरीहरु संस्कारी हुन्छन् । सपना नदेखाउनुस् । करियर र एम्बिसन जस्ता कुरामा नअल्झाउनुस् । चुलो धाने र पहिरन जाने पो छोरीको घर र बिहे टिक्छ । बिहे नटिके समाजले कुसंस्कारी भन्छ ।'

साँघुरो मानसिकता भएका मानिसबाट आफूलाई डर लाग्ने गरेको र यस्ता व्यक्तिहरु समाजलाई 'इन्फ्लूलेन्स' गर्न सक्ने ठाउँमा रहेको उनको तर्क छ । उनले अगाडि लेखेकी छन्, 'विगत केही समय यता, हामी महिला कलाकारहरु निरन्तर यस्ता साँघुरो मानसिकताको शिकार बन्दै गएको देख्दा चिन्ता त लाग्छ नै, साथै एक किसिमको डर पनि लाग्छ। डर यस कारण पनि कि, हामी बिच यस्ता साँघुरो सोच भएका मान्छे मात्र छैनन्, ति मान्छेहरु पुरै समाजलाई इन्फ्लुएन्स गर्न सक्ने ठाउँमा समेत छन् । कहिले आफ्नो द्वेश पूरा गर्न त कहिले इर्श्या, केही पत्रकारदेखि कलाकार स्वयम् र आम जनता समेतको निरन्तर निशानामा हामी बाँचिरहेका छौं । कहिले बिक्ने समाचार बनेर त कहिले हिजो आएकाले हेप्ने भन्दै, हामी समाजलाई महिला कलाकारहरुतर्फ झनै नकारात्मक बनाउँदैछौं ।'

उनले हामीमा सामाजिक उत्तरदायित्व सकिएकै हो त भनेर पनि प्रश्न गरेकी छन् । 'आम जनमानसले त्यही बुझ्छ, जे देखाइन्छ । के महिला कलाकार सम्मानका लायक छैनन् ?,' उनी प्रश्न गर्दै अगाडि लेख्छिन्, 'के हामी 'बिक्ने समाचार' र 'हट गसिप' मै सीमित छौं ?' प्रियंकाको यो स्टाटस रीमा विश्वकर्मा, केकी अधिकारी, स्वस्तिमा खड्का, वर्षा राउतलगायतले पनि शेयर गरेका छन् ।

कोरोना भाइरस संक्रमणबाट बच्न सरकारले लकडाउन गरेपछि नेपाली फिल्म क्षेत्र पूर्ण रुपमा ठप्प छ । फिल्म निर्माण, प्रदर्शन र वितरण सम्बन्धि सबै कार्य रोकिँदा कलाकारहरु फुर्सदिला भएका छन् । यतिबेला पहिलाको अवस्थामा फिल्म क्षेत्रलाई फर्काउन कस्ता रणनीति अपनाउनु पर्छ भन्ने विषयमा फिल्मकर्मीबीच बहस हुनुपर्ने हो । तर, यसतर्फ समय खर्चिन कोही तयार छैनन् ।

लकडाउनको समयमा सबैभन्दा विवादित बनेको क्षेत्र हो, फिल्म क्षेत्र । पाँच महिनायता हरेक हप्ता कुनै न कुनै विवादमा फिल्म क्षेत्र अल्झिएको छ । सुष्मा कार्की, वर्षा राउत, दीपाश्री निरौला, पूजा शर्मालगायत मिडियामा ढंग पुऱ्याएर बोल्न नजान्दा विवादित र आलोचित बने ।

केही दिनयता अभिनेत्री पूजा शर्मा र सञ्चारकर्मी प्रकाश सुवेदीको विवाद उत्कर्षमा छ । पत्रकार सुवेदीले एपी वानको 'रजतपट' कार्यक्रममा 'दारे' शब्द उच्चारण गरेपछि अभिनेत्री शर्माले आपत्ति जनाइन् । उनले उक्त शब्द आफूप्रति लक्षित रहेको भन्दै नेपाली फिल्म सम्बन्धित विभिन्न संघ-संस्थामा उजुरी दिएकी छन् । यो विवाद साम्य नहुँदै फिल्म क्षेत्रमा फेरि प्रियंकासँग सम्बन्धित अर्को विवाद बाहिर आएको हो ।

# भारतीय सिरियल 'तेनाली रामा'मा नेपाली निरिशा



**काठमाडौं/मस-** फिल्म 'जानी नजानी' बाट नेपाली फिल्म अभिनयमा डेब्यु गरेकी अभिनेत्री निरिशा बस्नेत भारतीय सिरियलमा पनि देखिने भएकी छन् । उनी हिस्टोरिकल फिक्सन भारतीय सिरियल 'तेनाली रामा'मा देखिन लागेकी हुन् । सिरियलमा उनको केमियो भूमिका रहेको छ । जसको छायाँकन उनले सकाइसकेकी छन् ।

सिरियलमा आफ्नो भूमिका केमियो भएपनि बलियो रहेको उनले बताउँदै आएकी छन् । 'सब टिभी' प्रसारण हुने बताइएको सिरियल अभिमन्यू सिंहको प्रोडक्सन हाउसले निर्माण गरेको हो । केही पहिले भारतीय चर्चित सिरियल 'चन्द्र नन्दिनी' मा अभिनय गरेकी बस्नेतले नेपाली फिल्म 'जानी नजानी' समेतअभिनय गरेकी छन् । यो उनको नेपाली डेब्यु फिल्म पनि हो ।

सिरियलमा आफ्नो भूमिकाबारे उनले भनिन्, 'मेरो केमियो हो तर भूमिका कमजोर छैन । सिरियलमा मेरो कारणले नयाँ ट्विस्ट आउँछ । मेरो प्रवेशपछि कथा मोडिन्छ । मैले तीन महिना 'चन्द्र नन्दिनी' र दुई हप्ता 'तेनाली रामा' गरेँ । तर, त्यो तीन महिनाभन्दा यो दुई हप्ताको यात्रा तुलनात्मक हिसाबले बलियो छ ।' उनले सिरियलमा निर्वाह गरेको चरित्रको बारेमा भने जानकारी दिइनन् ।

'जानी नजानी' गर्नका लागि निरिशा भारतबाट नेपाल आएकी थिइन् । यो फिल्मको छायांकन र प्रचारका लागि एक वर्ष समय दिँदा उनको हातबाट धेरै भारतीय प्रोजेक्टहरु फुत्केको थियो । फिल्म प्रदर्शन लगत्तै उनी भारत फर्किइन् । तर, एक वर्ष नेपाल बसेका कारण उनलाई पुनः मुम्बईमा सेटल हुन केही समय लाग्यो । अहिलेआफूले काम र दाम दुवै राम्रो पाइरहेको उनी बताउँछिन् ।

गत वर्ष दुईवटा सिरियलको छायांकन सकाएकी उनले एक साउथ फिल्म समेत साइन गरेकी छन् । 'लकडाउन हुनुभन्दा अगाडि म साउथ फिल्मको छायांकनका लागि चेन्नई गएको थिएँ । छायांकनको पहिलो दिनबाटै भारतमा लकडाउन भयो । त्यसपछि मुम्बई फर्किएर सिरियल गरेको हुँ । अब लकडाउन खुलेपछि साउथ फिल्मको बाँकी छायांकन गर्नेछु,' निरिशाले भनिन् ।

उनलाई बलिउड फिल्ममा पनि काम गर्ने इच्छा छ । तर, बलिउडमा आफ्नो लुक्सलाई सुहाउने खालको चरित्र नलेखिने उनको भनाई छ । वेब सिरिजका लागि प्रयास गर्ने सोचमा रहेकी उनी राम्रो ब्यानरबाट अफर भए नेपाली फिल्म पनि गर्ने बताउँछिन् । निरिशा भन्छिन्, 'मेरो पहिलो फिल्मले दर्शकको साथ पाउन सकेन । अब नेपाली फिल्म गर्दा राम्रो ब्यानर र स्क्रिप्ट हेर्छु ।'

बस्नेत अहिले एक साउथ फिल्म अभिनयरत छिन् । लकडाउनका कारण फिल्मको छायाँकन रोकिएको छ । कोरोनाको कहर सामान्य भएपछि उक्त फिल्मको छायाँकन हुने उनले बताइन् । निरिशा पुरानाअभिनेता विश्व बस्नेतकी छोरी हुन् । उनी बलिउड फिल्म अभिनयका लागि भारतमा संघर्षरत मोडल पनि हुन् ।

# निशान भट्टराइले प्रेमिकासँग गरे कानूनी विवाह



**काठमाडौं/मस-** नेपाल आइडलको पहिलो सिजनमा फस्ट रनरअप भएका गायक निशान भट्टराइले कानुनी विवाह गरेका छन् । उनले, आज धुलिखेल जिल्ला अदालतमा कानुनी विवाह गरेका हुन् । प्रेमिका ऋचा न्यापानेसँग निशानले कानुनी विवाह गरेका हुन् ।

कानुनी विवाहपश्चात उनीहरुले विवाहको प्रमाणपत्र ग्रहण गरेका थिए । पछिल्लो समयमा गायक निशान भट्टराइ नेपाली चलचित्रको सांगीतिक आकाशमा चम्किएका छन् । उनले, स्वर भरेको 'के माया लाग्छ र' बोलको गीत पनि अहिले सर्वाधिक चर्चामा छ ।

निशान र ऋचा २ बर्षदेखि प्रेम सम्बन्धमा थिए । निशानको स्वरमा समावेश 'लाउर जाने रेल'मा ऋचाले अभिनय गरेकी छिन् ।

# मिलन र रितुको 'तिमी बिना' सार्वजनिक




**काठमाडौं/मस-** कुसुम मिडिया क्रियशन प्रा.लि.ले नयाँ प्रस्तुति सो रुप 'तिमी बिना' गीत लिएर दर्शक श्रोता सामु आएको छ । युवा गायक रुबेन अवालेको आवाजमा गीत ग्ल्याममान्डु च्यानल मार्फत सार्वजनिक गरिएको हो । रोशिकले निर्देशन गरेको गीतमा प्रेम बियोगलाई भिडियो कथामा देखाउन खोजिएको छ ।

मिलन खड्का र रितु पौडेलेको अभिनय रहेको 'तिमी बिना'मा पुरुष पात्रको मनभित्र लुकेका प्रेम बियोगको बेदनालाई उसको दिनचर्या मार्फत बिर्सने प्रयास र अझ विगतले उसलाई पछ्याई रहिरहेको वर्तमानको दृश्यहरु भिडियोमा अटाउँन खोजिएको छ ।

युवा पुस्तामा हुने गरेका प्रेम बिलापपछिको पिडालाई गायक रुबेन अवाले लेख्ने कोसिस गरेका छन् । गीतको संगीत संयोजन पनि अवाले आफैले गरेका छन् भने सङ्गीत सोल साउण्डको र साउन्ड मिक्सिङ्ग भने जोल मुक्तानले गरेका छन् । भिडियोको प्रोडक्सन व्यवस्थापन सुप्रिया महर्जन सापकोटाले गरेकी छिन् भने भिडियोको बजार व्यवस्थापन केशव रोक्का र हिम सागर बामले गर्दै आएका छन् ।

# कलाकार श्रेष्ठको पहलमा स्यानिटाइजर वुथ



**काठमाडौं/मस-** फिल्म निर्माता, वितरक तथा कलाकार करण श्रेष्ठ 'क्रेजी'ले अनामनगरस्थित सिंहदरबारको पूर्वी गेट अगाडि सार्वजनिक स्यानिटाईजर बुथको स्थापना गरेका छन् । पछिल्लो समय देशभर कोरोनाको जोखिम बढेको भन्दै उनले अनामनगरमा अवातजावत गर्नेका सर्वसाधरणका लागि पूर्वी गेट अगाडि स्यानिटाईजर बुथको स्थापना गरेका हुन् ।

जागौं युवा अभियानका अध्यक्ष समेत रहेका श्रेष्ठको स्यानिटाईजर बुथको उद्घाटन कलाकार दीपकराज गिरी, अनामनगर प्रहरी बृत्तका डिएसपी हरिबहादुर बस्नेत, गुण सिनेमा प्रालिका सञ्चालक महेशप्रसाद किजुलगायतले मंगलबार उद्घाटन गरेका छन् ।

जागौं युवा अभियानद्वारा करणले अनामनगरमा वृक्षारोपन, कोरोना भाइरसको जोखिम मास्क वितरण तथा जनचेतना फैल्याउने काम समेत गरिरहेका छन् । कलाकार दीपकराज गिरीले करणले झैं टोलटोलमा स्यानिटाईजर बुथका स्थापना र जनचेतना कार्यक्रम आवश्यक रहेको बताए । उनले करणको कामबाट धेरै सिक्नुपर्ने धारणा समेत राखेका थिए ।

'कोरोनाको जोखिम न्युनिकरण गर्न देशभर सार्वजनिक स्थानमा यस्तै किसिमको स्यानिटाईजर बुथका स्थापना गर्नुपर्छ' निर्माता श्रेष्ठले भने- 'हामीले आफ्नो निवास र कार्यस्थल र टोलटोलमा यस्ता स्यानिटाईजर बुथको स्थापना गर्न सक्यौ भने कोरोना विरुद्धको लडाई अभियानमा सहयोग पुग्छ ।' 'यस्ता काममा युवालाई प्रेरित गर्नुपर्छ' उनले थपे ।

# शिवानीको 'अबन्धन' सार्वजनिक




**काठमाडौं/मस-** नव गायिका शिवानी भट्टराईले 'अबन्धन' बोलको गीत सार्वजनिक गरेकी छन् । महिला सशक्तिकरणलाई प्राथमिकता दिँदै गायिका शिवानीले गीत ल्याएकी हुन् । गीत उनले आफै लेखेकी हुन् भने संगीत र स्वर पनि भट्टराई कै रहेको छ । भिडियोमा गायिका भट्टराईको साथमा कोरियोग्राफर प्रशान्त तामाङलाई अभिनय गरेको देख्न सकिन्छ ।

प्रशन्न शाक्यको निर्देशन रहेको गीतको भिडियोमा बर्खा मुखिया र रेवत श्रेष्ठको छायाँकन तथा प्रविन श्रेष्ठको सम्पादन रहेको छ । गीतले महिलाको पीडालाई प्रस्तुत गरेको शिवानीको भनाई छ । धेरै म्युजिक भिडियोहरुमा अभिनय गरिसकेकी गायिका शिवानीले यस गीत मार्फत एक महिलालाई हुने समस्या तथा समस्याबाट उम्कन गरिने संघर्षलाई प्रस्तुत गरेकी छिन् । शिवानीले ६ वर्ष अगाडि नै गीत लेखेको भएपनि सञ्चार माध्यममा आबद्ध भएपछि मात्र गीत संगीत क्षेत्रमा लाग्ने बताएकी थिइन् ।


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/२८

यस कम्पनीको मिति २०७६/०३/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि. (प्रा.लि.नं. २१०२११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

प्रथम पटक प्रकाशित : २०७७/०४/२८

**नाम परिवर्तन गरिएको सूचना**

यस का.म.न.पा. वडा नं. -४ सुकेधारा स्थित वागमती आ. उच्च मा. वि. (प्रा.ली) रहेकोमा अब उप्रान्त वागमती आ. मा. वि (प्रा.ली) भै नाम परिवर्तन भएको व्योहोरा सबैको जानकारीका लागि सूचित गरीन्छ ।

**प्रमाणपत्र हराएको सूचना**

मिति २०७६/०९/२० गते नारायण गोपाल चोकबाट एयरपोर्टसम्म जाँदा उषा ओभरसिज (संचालक : रमा गौतम)को नाममा भन्सार विभाग बाट प्राप्त एजेन्ट प्रमाण पत्र नं. ४८० र अन्य महत्वपूर्ण कागजात हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय, वा तलको ठेगानामा उपलब्ध गराईदिनु भएमा उचित पुरस्कार दिनेछु ।

**नाम : रमा गौतम**
**ठेगाना : बागबजार, काठमाडौं**
**सम्पर्क : ९८४१२९०४९७**

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.को सार्वजनिक सूचना**

**नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त श्रम इजाजत पत्र नं. १८३/०५७/०५८ को यस सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.ले आर्थिक वर्ष २०७६/०७७ मा विभिन्न देशहरुमा तपशील बमोजिमका संख्यामा कामदार वैदेशिक रोजगारीमा पठाएको सूचना सार्वजनिक गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क्र.स. | मुलुक | कामदार संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १. | साउदी अरब | १४४ | ० | १४४ |
| २. | कतार | १० | ० | १० |
| ३. | यूएई | १ | ० | १ |
| कुल जम्मा | | १५५ | 0 | कुल जम्मा १५५ जना |

श्रम इजाजत पत्र नं. १८३।०५७।०५८

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.**
महाराजगञ्ज (चक्रपथ चौकी अगाडी), काठमाडौं, नेपाल
फोन: ४७२०६४१/४७२००५४, पो. ब.न. १४१५०

# के होला फुटबलको प्रशिक्षण ?




## सबैको पीसीआर परीक्षण

**काठमाडौं, मस–** अखिल नेपाल फुटबल संघ एन्फाले आफ्ना सबै खेलाडी कर्मचारी र टिमसँग जोडिएका अफिसियलको कोरोना परिक्षण पुरा गरेको छ । सोमबारबाट सुरु गरेको परिक्षणमा मंगलबार २३ जना खेलाडीसहित कुल २९ जनाको परीक्षण गरेको छ । जसमा टिम ब्यवस्थापक, गोलकिपर प्रशिक्षक विकाश मल्ल, कृष्ण भक्त मानन्धर, विवेक सुवेधी, युजल श्रेष्ठ र टिमका डाक्टर राजु डंगोलको पीसीआर परिक्षण गरिएको हो ।

सोमबार काठमाडौं बाहिर रहेका ११ खेलाडी र एन्फा होस्टेलमा कामगर्ने कामदार गरेर २५ जनाको परिक्षण गरेको थियो ।

मंगलबार परीक्षण गरेका खेलाडीको नतिजा तीन दिनमा आउनेछ । उनीहरुमा नेगेटिभ आउने सबै खेलाडीलाई एन्फाको होस्टेलमा राखिने छ । त्यहाँ १४ दिनको क्वारेन्टिनमा राखिने छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २७ साउन

कोरोना भाइरसको महामारी शुरु भएपछि गत चैत ११ गतेदेखि लकडाउन गरिएको थियो। साउन ७ गतेदेखि लकडाउन हटाएको निर्णय गर्दा सरकारले भदौ १ गतेदेखि हवाई, लामोदूरीको यातायात र अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडीलाई प्रशिक्षण शुरु गर्न दिने निर्णय गरेको थियो । लकडाउन हटेसँगै नेपालीको जनजीवन सहज भएको अनुमान गरिएको थियो । काठमाडौं उपत्यकासहित देशभर कोरोना महामारीको बढ्दो अवस्था रहेकाले सरकारले पूर्व निर्णयमा पुनरविचार गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले भदौ १ गतेदेखि पहिला भनिएका कुराहरु कार्यान्वयन गर्न नसक्ने निर्णय गरेको थियो । योसँगै चलायमान हुन थालेको नेपाली खेलकुदको कार्यतालिका फेरि प्रभावित हुने भएको छ । यो वर्ष नेपालले खेल्ने अन्तर्राष्ट्रिय प्रतियोगिता नभएको भन्दै क्रिकेटको प्रशिक्षण असोज अगाडि हुने सम्भावना छैन । ओलम्पिकको तयारी गरिरहेको करातेको प्रशिक्षण पनि मंगलबारदेखि स्थगित भएको छ।

अब, भदौ एक गतेदेखि अखिल नेपाल फुटबल संघ एन्फाले राष्ट्रिय टोलीको प्रशिक्षण शुरु गर्ने तयारी गरेको छ । त्यसका लागि काठमाडौं बाहिर रहेका खेलाडीहरु सबै आइसकेका छन् । काठमाडौं बाहिर रहेकाहरुलाई होटेल क्वारेन्टिन तथा यही रहेकालाई होम क्वारेन्टिनमा राखिएको छ । भदौ १ गतेको तयारी स्वरुप सोमबार र मंगलबार गरि सबैको पीसीआर परीक्षण पनि सकिएको छ । तर सरकारको सोमबारको निर्णयसँग फुटबलको प्रशिक्षण शुरुहुने बारे संशय कायमै रहेको छ । पीसीआरको रिपोर्ट पर्खिरहेको एन्फाले रिपोर्ट आएपछि खेलाडीहरुलाई सातदोवाटोको होस्टेलमा राख्ने जनाएको छ। त्यसपछि व्यक्तिगतरुपमा पनि खेलाडीलाई प्रशिक्षणमा फर्काउने योजना रहेको एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाले जानकारी दिए ।

अध्यक्ष शेर्पाले भने 'यसअघि नै सरकारले अनुमति दिएको र त्यहि योजना अनुसार तयारी भइरहेको छ । मंगलबारसम्म खेलाडीको परिक्षण सकिने, फेरी खेलाडीलाई १४ दिनको क्वारेन्टिनमा राखिने र त्यसपछि फेरी पीसीआर गरेर प्रशिक्षण गर्ने योजना हो ।'

अध्यक्ष शेर्पाले थपे 'प्रशिक्षण भन्ने वितिक्कै एकैपटक सबै खेलाडीलाई मैदानमा उतारेर खेलाउने पनि होइन, त्यसमा फिफाको १९ पृष्ट लामो नियम रहेको छ, त्यसलाई आधार मानेर हामीले पनि केहि प्रोटोकल बनाएका छौं, त्यसमा नै रहेर प्रशिक्षण गर्ने हो ।'

उनले सरकारले अहिले राष्ट्रिय टिमको प्रशिक्षण रोक्नु भनेर निर्णय नभएको जस्तो लागेर योजना अनुसार नै प्रशिक्षण हुने बताएको पनि प्रष्ट पारे । यसका साथै उनले श्रीलंकामा लिग सुरु भइसकेको छ, भारतमा, मलेसियामा पनि प्रशिक्षण सुरु भइसकेको तर्क गरेका थिए ।

फिफा विश्वकप छनोटमा नेपालले चाइनीज ताइपेई, अष्ट्रेलिया र जोर्डनसँग घरेलु मैदानमा खेल्न बाँकी रहेको छ ।

# बक्सिङ संघमा विवाद





**काठमाडौं, एनएएन–** नेपाल बक्सिङ संघ नीति अनुसार चल्न नसकेको भन्दै संघका पदाधिकारीबीचको विवाद उत्कर्षमा पुगेको छ ।

आर्थिक अनियमितता, एकलौटी रुपमा संघ सञ्चालन गरेको भन्दै संघका अध्यक्ष राम अवाले र महासचिव सविन भट्टाचार्यबीच विवाद छ ।

यति वेला नेपाल बक्सिङ संघ आन्तरिक विवादको चंगोलमा रुमलिएको छ । दुई फरक समूहको नेतृत्वमा आरोप प्रत्यारोप भइरहेको छ। अध्यक्षको गुटमा कार्यसमितिको बहुमत छ भने महासचिवको समूहमा कोषाध्यक्षसहितका पदाधिकारी छन् ।

अध्यक्षले एकलौटी रुपमा संघ सञ्चालन गरेको, आर्थिक पादर्शीता नभएको जस्ता आरोप महासचिव सविनले अध्यक्ष समूहलाई लगाएका छन् ।

नेपाल बक्सिङ संघ आन्तरिक खिचातानीको भूमरीमा रुमलिएको संघले सम्भावनाका बावजुद पनि अपेक्षित सफलता हात पार्न सकेको छैन । किचलोका कारण संघले आफ्नै आयोजनामा हुने राष्ट्रिय प्रतियोगिता समेत गर्न सकेको छैन । प्रतियोगिता तयारी गरिरहेका खेलाडी नेतृत्वको चपेटामा परेका छ। विवाद समाधनका लागि अध्यक्ष र कार्यसमितका पदाधिकारीहरु बसेर छलफल गर्नु पर्ने महासचिव भट्टचार्य सुझाव दिन्छन् ।

यता अध्यक्ष राम अवाले भने महासचिवको आरोपमाथि छलफल गर्न पनि चाहँदैनन्। निरन्तर पर्यास गर्दापनि अध्यक्ष अवाले सम्पर्कमा आउन चाहेनन् ।

संघका महासचिव सविन भट्टचार्य र कोषाध्यक्ष गौतम सुजखुले असार १४ गते बक्सिङ संघमा आर्थिक अनियमितता भएको आरोप लगाउँदै छानविन गर्न माग सहित राखेपमा उजुरी दिएका थिए। सोही उजुरीलाई टेकेर राखेपले अध्यक्षलाई विवरण पेश गर्न आदेश गरेको छ। नेपालले पदक ल्याउने मध्येको एउटा खेल बक्सिङ हो ।

# लंका प्रिमियर लिग स्थगित




**काठमाडौं, एजेन्सी–** श्रीलंकाको फ्रेन्चाईज क्रिकेट लंका प्रिमियर लिग स्थगित भएको छ । अगस्ट अन्तिमबाट सुरु हुने भनिएको लंका प्रिमियर लिग नोभेम्बरको मध्येसम्मको लागि स्थगित भएको हो ।

कोरोना भाईरसको महामारीको कारण विदेशी खेलाडीले अनिवार्य १४ दिनको क्वारेन्टिनमा बस्नु पर्ने भएपछि लिग स्थगित गरिएको श्रीलंका क्रिकेट बोर्डले जनाएको छ ।

बोर्डले यस अघि २८ देखि सेप्टेम्बर २० सम्म प्रतियोगिता आयोजना गर्ने बताएको हो ।

सन् २०१२ मा पहिलो संस्करण आयोजना भएपनि लंका प्रिमियर लिग नियमित रुपमा सञ्चालन हुन सकेको छैन। सन् २०१३ र १४ मा प्रायोजक र व्यवस्थापकीय कमजोरीका कारण प्रतियोगिता रद्ध भएको थियो ।

प्रतियोगितामा ५ शहरका टिम रहने छन् । जसमा कोलोम्बो, क्यान्डी, गल्ली दाम्बुला र जाफ्ना रहेका छन् । चार फरक अन्तराष्ट्रिय क्रिकेट रंगशालामा हुने प्रतियोगितामा २३ खेल हुनेछन् ।

७० भन्दा बढी अन्तराष्ट्रिय खेलाडी तथा विश्वका १० उत्कृष्ट प्रशिक्षकले घरेलु खेलाडीसंग प्रतियोगितामा सहभागिता जनाउने पक्का भएको बोर्डले बताएको छ ।

# एशियन बिच गेम्स स्थगित




**काठमाडौं, एजेन्सी–** चीनमा आयोजना गर्ने तय भएको छैटौं एसियन बिच गेम्स कोरोना भाइरसको महामारीका कारण आगामी बर्षसम्मका लागि स्थगित गरिएको छ ।

प्रतियोगिता हाल स्थगित भए पनि सन् २०२१ को अप्रिल २ देखि १० तारिखसम्म पूर्व तय भएको स्थान सान्या शहरमा आयोजना हुने छ ।

त्यस्तै ओलम्पिक काउन्सील अफ एसियाले प्रतियोगिता सारिए तापनि प्रतियोगिताको लोगो र नाम भने नफेरिने स्पष्ट पारेको छ। प्रतियोगिताको नाम 'छैटौं एसियन बीच गेम्स सान्या २०२०' रहेको छ। बिच गेम्समा २ हजार भन्दा बढी खेलाडी सहभागि हुने छन् । नेपालले बिच गेम्सको गत संस्करणमा १८ वटा गेम्समा भाग लिएको थियो । पदक भने जित्न सकेको छैन ।

# पहिलो पुस्ताका फुटबलर सुब्बाको निधन



**काठमाडौं, मस–** नेपाली फुटबल टिमका पहिलो पुस्ताका खेलाडी इन्द्रसिंह सुब्बाको निधन भएको छ ।

सुब्बाको मंगलबार ८४ वर्षको उमेरमा बाँसबारीस्थित गंगालाल अस्पतालमा निधन भएको हो। एक महिनाअघि अल्का अस्पतालमा भर्ना भएका सुब्बालाई मुटुमा समस्या देखिएपछि गंगालाल लगिएको थियो ।

नेपालले पहिलो पटक पाकिस्तानमा आगाखाँ गोल्डकप अन्तराष्ट्रिय प्रतियोगिता खेल्दा टिममा सदस्य रहेका थिए । पुर्वी पाकिस्तानमा १९६३ मा भएको आँघा गोल्डकपका सदस्य सुब्बा पछिल्लो पटक विभिन्न रोगले च्यापिएका थिए । जसका कारण उनी अल्का अस्पतलामा उपचार गराइरहेका थिए ।

दार्जिलङमा जन्मिएका उनी फुटबल खेल्ने क्रममा नेपाल आएका र पछि यतै बसाई सरेको बराल बताउँछन् । २०१६ सालमा योङ् गोर्खा एसोसियसको फुटबल टिम मोरङ ११ सँग मैत्रिपूर्ण फुटबल खेल्न विराटनगर आएको थियो । त्यो टिमका महत्वपूर्ण सदस्यका रुपमा सुब्बा थिए ।

मोरङ ११ बाट खल्दा खेल्दै सुब्बा विसं २०१९ मा नेपाल ११ का लागि छनोट भएका थिए । आगाखाँ गोल्डकपमा नेपालले तीन खेल खेलेको थियो । ढाका वन्डरर्स विरुद्धको पहिलो अन्तर्राष्ट्रिय खेलमा नेपाल ६-० ले पराजित भएको थियो । नेपालले दोस्रो खेल वेस्टर्न रेल्वे (पाकिस्तान) विरुद्ध खेल्यो। नेपाल त्यो खेलमा पनि ७-० ले पराजित भयो ।

ढाका पुलिसविरुद्धको तेस्रो तथा अन्तिम खेलमा भने नेपाल विजयी भयो । केहिसमय अगाडी उनकै समकक्षी राजबहादुर सिंहको पनि निधन भएको थियो ।

# खड्का उत्कृष्ट निर्णायक

**काठमाडौं, मस–** नेपाली तेक्वान्दोका अन्तर्राष्ट्रिय निर्णायक अशोक खड्का अन्तर्राष्ट्रिय हिरोज तेक्वान्दो प्रतियोगितामा उत्कृष्ट निर्णायक घोषित भएका छन् ।

थाइल्यान्डको हिरोज तेक्वान्दो संघले आयोजना गरेको प्रतियोगिता अगष्ट ८ र ९ तारिखमा भएको थियो । प्रतियोगितामा करिब २५ राष्ट्रका ३ सय ५० खेलाडीको सहभागिता रहेको नेप्लिज तेक्वान्दो एकेडेमीका अध्यक्ष समेत रहेका खड्काले जनाएका छन् ।

प्रतियोगितामा नेपालसहित इन्डोनेसिया, ट्युनिसिया, भारत, मलेसिया, चीन र कोरिया गरी ७ राष्ट्रका निर्णायकको सहभागिता थियो । लकडाउनको अवधिमा भएका विभिन्न प्रतियोगितामा खड्का तीन पटक उत्कृष्ट निर्णायक चुनिएका हुन् । निर्णायकको करियारमा समग्रमा खड्का ७ पटक उत्कृष्ट निर्णायक बनेका छन् ।

# करातेको प्रशिक्षण रोकियो




**काठमाडौं, मस–** नेपालमा कोरोना भाइरसको महामारी बढ्दै गएपछि आसन्न टोकियो ओलम्पिकको तयारीमा रहेको करातेको प्रशिक्षण तत्कालका लागि स्थगित हुने भएको छ ।


करातेका प्रशिक्षक दीपक श्रेष्ठले विज्ञेप्ति निकाल्दै खेलकुद क्षेत्रका ब्यक्तिलाई पनि कोरोना देखिएपछि हालका लागि प्रशिक्षण राक्नुपर्ने अवस्था आएको बताएका छन् ।

अहिलेको अवस्थामा खेल क्षेत्रमात्र नभई सबै नागरिक सचेत हुनुपर्ने अवस्थाले गर्दा नेपाल सरकारको निर्देशनलाई समेत पालना गर्दै सातदोबाटो कराते एकेडेमीमा प्रशिक्षणरत रहेका कराते खेलाडीको प्रशिक्षण मंगलबारबाट बन्द भएको छ ।

करातेले राष्ट्रिय खेलकुद परिषद्को स्विकृतिमा असार सात गतेबाट प्रशिक्षण शुरु भएको थियो । टोकियो ओलम्पिक छनोटको तयारीमा १३ औं दक्षिण एसियाली खेलकुद सागमा स्वर्ण पदक विजेजा नवीन रसाइली र अनु अधिकारीले सातदोबाटो स्थित कराते प्रशिक्षण केन्द्रमा प्रशिक्षण लिइरहेका थिए ।

कराते खेलाडी अनु अधिकारीले पनि बढ्दो संक्रमणकै कारण मंगलबारको प्रशिक्षण समेत स्थगित भएको बताइन् । उनले अल्टरनेटिभ रुपमा साताको चार दिन प्रशिक्षण हुँदै आएपनि मंगलबारदेखिनै स्थगित भएको जानकारी दिइन् ।

# लियोनल मेस्सी घाइते



**काठमाडौं, एजेन्सी-** लियोनल मेस्सी घाइते भएपछि च्याम्पियन्स लिगको क्वार्टर फाइनलको तयारी गरिरहेको बार्सिलोनामाथि दबाब परेको छ ।

बार्सिलोनाले क्वार्टर फाइनलमा बलियो प्रतिद्वन्द्वी बायर्न म्युनिखसँग प्रतिष्पर्धा गर्दैछ । दुई टिमबीचको खेल बिहीबार राती हुँदैछ । च्याम्पियनस लिग अन्तर्गत प्रिक्वार्टर फाइनलको दोस्रो लेगका क्रममा मेस्सी घाइते भएका थिए। उनको खुट्टामा चोट लागेको थियो ।

जसका कारणले गर्दा मेस्सी प्रशिक्षणमा पनि उपस्थित नभएको रिपोर्ट बाहिर आएको छ। नापोलीलाई हराउँदै मेस्सीले उत्कृष्ट प्रदर्शन गरेका थिए । उनले एक गोल गरेका थिए भने लुइस स्वारेजले गोल गरेको पेनाल्टी पनि उनलाई नै फल हुँदा पाएको थियो ।

बार्सिलोनाका प्रशिक्षक क्वीके सेटिनले भने मेस्सी बायर्न म्युनिकविरुद्धको खेलका लागि तयार हुने दाबी गरेका छन्। उनले चोट ठूलो नभएपनि त्यसका विश्लेषण गर्न बाँकी रहेको बताए ।

च्याम्पियनस लिगको प्रिक्वार्टर फाइनलमा बार्सिलोनाले नापोलीलाई समग्रमा ४-२ ले हराएको थियो भने बायर्न म्युनिखले चेल्सीमाथि ७-१ को जित निकालेको थियो ।

# जारको पानीको मूल्य बृद्धि खारेज गर्न उपभोक्ता समितिको माग

**रासस-रमेश गिरी**

काठमाडौं, २७ साउन

बजारमा व्यापारीले निर्धारण गरेको मूल्यभन्दा ४० प्रतिशत मूल्य वृद्धि गरी पिउने पानीको मूल्य निर्धारण भएको जनाउँदै तत्काल वढेको मूल्य खारेज गर्न उपभोक्ताले सरकारसँग माग गरेका छन् ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले व्यापारीसँगको मिलेमतोमा आम उपभोक्तालाई मारमा पर्ने गरी जारको पानी मूल्य निर्धारण गरेको बताइएको छ । विभागले आगामी भदौ १० गतेदेखि लागू हुने गरी जारको पानीको मूल्य रु ५० र बोतल पानीको अधिकत मूल्य १६ रुपैयाँ निर्धारण गरेको छ । पानीको खुद्रा व्यापार गर्दै आएका सूर्यविनायकका सन्तोष श्रेष्ठले पानीमा दोब्बर मूल्य वृद्धि हुँदा आम उपभोक्ता मारमा परेको बताए । एक जार पानीको रु २० र ढुवानी रु १० गरी रु ३० पर्ने पानी उपभोक्तालाई रु ४० मा बिक्री गर्दै आएकोमा अहिले खुद्रा मूल्य नै रु ५० निर्धारण गरेपछि उपभोक्ता मारमा परेको उनले बताए ।



उनले भने, "पानीको गुणस्तर निर्धारण र कायम गराउन नसक्ने विभागले पानीको मूल्य बढायो । एक साता अघि मात्रै थिमि चारदोबाटो र भौखेलमा गरी चारवटामा फोहोर पानी बिक्री गरेको पाएपनि कारबाही गरेन र व्यापारीको चङ्गुलमा परेर विभागले पानीको मूल्य बढायो ।" विभागले व्यापारीको स्वार्थअनुसार मिलेमतोमा पानीको मूल्य बढाएको आरोप उपभोक्ताको छ । सरकारी निकायले नै मूल्य बढाएपछि रु ३५ देखि ४० सम्ममा बिक्री गर्दै आएको एक जार पानी अब ५० रुपैयाँमा बिक्री गर्ने बाटो खुलेको छ । उद्योगीको स्वार्थमा सरकारले पानीको मूल्य बढाएर उपभोक्तामाथि आर्थिक भार थपेको उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले बताए । पानीको गुणस्तरमा ध्यान दिनुपर्नेमा मिलेमतोमा मूल्य बढाएको उनको आरोप लगाए ।

पानीको मूल्य बढाउन नेपाल बोटलर्स वाटर एसोसिएसनमा वकालत गर्दै आएको थियो । पानी व्यवसायीले आफैँले गाडी खरिद गरी ढुवानी संघ नै गठन गरी पानी र ढुवानीको फरक मूल्य निर्धारण गरी पानी बिक्री गर्दा पनि उपभोक्ताले प्रति जार रु ४० भन्दाबढी तिर्नु पर्दैनथ्यो तर अब उपभोक्ताले रु ५० तिर्नु पर्ने भएको छ ।

राष्ट्रिय उपभोक्ता मञ्च भक्तपुरका अध्यक्ष मनोज थापाले पानीको मूल्य वृद्धि हुँदा स्वभाविकरूपमा उपभोक्ता मारमा पर्ने बताए । उपभोक्ताबाट यसको विरोध आउनु स्वभाविक भएको जनाउँदै सरकारले पानीको गुणस्तर वृद्धिमा ध्यान दिनुपर्ने सुझाव दिए ।

अधिकांश पानी उत्पादन गर्ने कम्पनीका पानी गुणस्तरहिन रहेको दाबी गर्दै उनले जारको पानी सफा र स्वस्थ्यक प्रर्द्धक छ भनेर ढुक्कसँग पिउने अवस्था नरहेको बताए । केहीदिन अघिको अनुगमनमा थिमिको एक पानी उत्पादन गर्ने ठाउँ शौचालयजस्तो फोहोर रहेको र धेरै पानी उत्पादन गर्ने ठाउनै गुणस्तरहिन रहेको उनको भनाइ छ ।

मध्यपुरथिमि शङ्खधर चोकका पानी व्यापारीले पानी लिन आउने उपभोक्ताले विहानैदेखि पानीको मूल्य वृद्धि गरेको भन्दै बिरोध र गुनासो गरेको जनाएका छन् ।

## सुशील भट्टलाई लगानी बोर्डको सीईओको काम गर्न पाटन उच्च अदालतको रोक



काठमाडौं/मस-उच्च अदालत पाटनले सुशील भट्टलाई लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) को रुपमा काम गर्न रोक लगाएको छ । न्यायाधीश नकुल सुवेदीको इजलासले भट्टलाई लगानी बोर्डको सीईओको रुपमा नियुक्त गर्ने निर्णय कार्यान्वयन नगराउन आदेश दिएको हो । अदालतले ३२ गतेसम्मको लागि उक्त आदेश दिएको हो । नियुक्तिको कारणबारे बुझ्न अदालतले ३२ गते सरकारी प्रतिनिधिलाई बोलाएको छ। त्यसपछि यो रिटको अन्तिम निर्णय हुनेछ । लगानी बोर्डको सीईओमा नियुक्तिको लागि योग्यता नपुगेको भन्दै अधिवक्ता जयबहादुर भुजेलले पाटन उच्च अदालतमा रिट दायर गरेका थिए । साउन १९ गतेको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय योजना आयोगका सदस्यसमेत रहेका सुशील भट्टलाई लगानी बोर्डको सीइओ नियुक्त गरेको थियो । कैयौं आयोजना अलपत्र पारेको र कालोसूचीमा परेका ठेक्कामा भट्टको संलग्नता रहेको भन्दै चौतर्फी आलोचना भएको थियो ।

## पोखरा चेम्बरको पर्यटन विभाग गठन

काठमाडौं/मस-पर्यटन व्यवसायीहरूको भेलाले पोखरा चेम्बर अफ कमर्स, कास्कीअन्तर्गत पर्यटन विभागको गठन गरेको छ । विभागको अध्यक्षमा रेशम अधिकारी, उपाध्यक्षमा प्रकाशबाबु बस्ताकोटी, सचिवमा मोहनप्रसाद सुवेदी र कोषाध्यक्षमा रवि आचार्य रहेका छन् ।

यसैगरी सदस्यहरूमा दीपकप्रसाद सापकोटा रेशम गौतम, देवराज अधिकारी र लक्ष्मी कोइराला चुनिनुभएको छ । विभागको सल्लाहकारमा दिल गौतम, उपेन्द्र अधिकारी र सुवास भण्डारी रहेका छन् । पोखरा चेम्बर अफ कमर्सका अध्यक्ष किसान सुनारले कोरोना भाइरसका कारण थला परेको पर्यटन क्षेत्रलाई उकास्नका लागि तीन तहको सरकारले ध्यान दिनुपर्ने बताए । चेम्बरको मागअनुसार मौद्रिक नीतिमा पर्यटन क्षेत्रलाई पुनर्कर्जा र सहुलियत कोषको जानकारी दिँदै उनले सुनारले बैंक तथा वित्तीय संस्थाले ब्याजमा छुट नदिए कार्यान्वयनका लागि चेम्बरले दबाब र पहलकदमी चाल्ने उल्लेख गरे ।

कोरियाबाट सहयोग जुटेको छ । दक्षिण कोरियामा कार्यरत रमेश बस्नेत, किरण थापा र अन्य साथीहरूको पहलमा श्रेष्ठको उपचारका लागि रु एक लाख ४० हजार ७० सहयोग जुटेको हो ।

उक्त रकममा रु १० हजार ५०० थप गरी एक लाख ५० हजार ५७० व्यास नगरपालिका-२ निवासी पदम बानियाँले पीडित श्रेष्ठलाई हस्तान्तरण गरे । विगत लामो समयदेखि मिर्गौलामा ट्युमर भई शल्यक्रिया गराएकी श्रेष्ठको हाल फोक्सोमा क्यान्सर भएको छ । आर्थिक अवस्था कमजोर भएकाले उपचारमा सहयोग गर्न पीडित श्रेष्ठले सबैलाई आग्रह गरेकी छन् ।

### टोस्टमास्टर्स नेतृत्व संस्थाको आयोजना

## नेपालबाट ३०५ जनाको सहभागिता

काठमाडौं/मस-टोस्टमास्टर्स अन्तर्राष्ट्रिय संस्थाको डिस्ट्रिक्ट ४१ को डिभिजन ए, एन र ओ ले सन् २०२० अगष्ट ८ तारिखमा जुम मार्फत टोस्टमास्टर्स नेतृत्व संस्थाको आयोजना गरेका छन् । उक्त सेशनमा नेपाल टोस्टमास्टर्सको समुदायबाट ३०५ जना को सहभागीता रहेको थियो । टोस्टमास्टर्स नेतृत्व संस्थाले आफ्ना सदस्यहरुको टोस्टमास्टर्स अनुभवलाई बढाउन, उनीहरुको सीप सिकाउन र रिफ्रेस गर्न, नयाँ साथीहरु बनाएर प्रभावकारी प्रशिक्षण र नेतृत्व विकास अवसहरु प्रदान गर्ने विकसित गरिएको छ । डिभिजन ए का निर्देशक डीटीएम मून प्रधानले सहभागीहरुलाई टोस्टमास्टर्स नेतृत्व संस्थामा स्वागत गर्दै टोस्टमास्टर्स नेतृत्व संस्थाका अवसरहरुको बारेमा प्रकाश पारेका छन् ।

त्यस्तै, डिभिजन एन का निर्देशक टीएम अनिश दीक्षितले टोस्टमास्टर्समा नेतृत्वको बारेमा चर्चा गरे । उक्त सेशनमा बिनोद चौधरी, एक व्यापारी, राजनितिज्ञ तथा समाजसेवीले 'युथ इन्गेजमेन्ट र लिडरसीप' को बारेमा बताएका थिए । उक्त सेशनमा चौधरीले महामारीको परिणामस्वरुप बदलिएको विश्वमा ध्यान केन्द्रित गर्दै भने, 'हामी त्यस्तो चरणमा प्रवेश गरिरहेका छौं जहाँ प्रविधि र डिजिटल उद्योगले भविष्य के हुन्छ भनेर लेख्दछ ।' उनले सञ्चार, त्यसको फाइदाहरु र त्यसका उद्देश्यका बारेमा पनि कुरा गरेका थिए । उनले सञ्चारको बारेमा आफ्नो परिकल्पना र कसरी सञ्चारको शक्ति प्रत्यक्ष रुपमा नेटवर्कसंग सम्बन्धित छ भन्ने बारे बताएका थिए । डीटीएम सौरभ लोहनीले टोस्टमास्टर्सको इन्टरनेशनल डिस्टिंविस्ड क्लब प्रोग्राम (डीसीपी) लक्ष्यमा सेशन आयोजना गरेका थिए । यहाँ १० डीसीपी लक्ष्यहरु छन् जसलाई हासिल गर्न क्लबले शिक्षा, सदस्यता, प्रशिक्षण र मेन्टरसीपमा केन्द्रित भएर प्रत्येक वर्ष क्लबले यी क्षेत्रभित्र रहेर कसरी यी लक्ष्यहरु हासिल गर्न सकिन्छ भनेर प्रयास गर्दछ । मेन्टरसीप कार्यक्रमको सेशन टीएम सदिक्षा सिंहले नेतृत्व गरिन् ।

उनले टोस्टमास्टर्सको वर्षौंदेखिको ठुलो सफलता सदस्यहरुको अन्य सदस्यहरुलाई समर्थन र मार्गनिर्देशन प्रदान गर्ने र प्रभावकारी रुपमा सिक्न मद्दतको परिणाम भएको कुरामा जोड दिइन् । सदस्यहरुको सिकाइलाई अधिकतम बनाउँन सेशनमा विद्यमान मार्गनिर्देशन मेन्टर कार्यक्रमलाई समर्थन गर्न र राम्रो मेन्टर बन्न आवश्यक सीप हासिल गर्न सदस्यलाई सहयोग गर्ने योजना बनाएको छ । टीएम रबिन्द्र प्रधानले रमाइलोले भरिएको अन्तर्क्रियात्मक र जानकारीमूलक सेशन आयोजना गरेका थिए जहाँ उनले टोस्टमास्टर्सको बैठक रमाइलो बनाउँन सकिने तरिकाहरु अपनाएका थिए । उनले नेपालका विभिन्न टोस्टमास्टर्स क्लबका अध्यक्षहरुलाई बैठकलाई रमाइलो बनाउन अपनाएको उपायहरु बताउन आमन्त्रण गरे ।

उनले टीएम सीमा गोल्छा, टीएम प्रनु सिंह, टीएम सीजा त्रिपाठी र टीएम सहीस्नुता शर्मा, टीएम श्रेया घिमिरे र टीएम चन्द्रायन श्रेष्ठलाई निमन्त्रण गरेका थिए जसले आफ्ना सदस्यहरुको अनुभवलाई रमाइलो, जोशिलो र प्ररणादायी बनाउन गर्ने विभिन्न रोमाञ्चक कुराहरु साटेका थिए । डिभिजन ओ का निर्देशक टीएम अभिष आचार्यको टिप्पणी पछि उक्त सेशन सम्पन्न भएको थियो जहाँ उनले मेन्टरसीप र टोस्टमास्टर्सको बैठकलाई कसरी रमाइलो बनाउने भन्ने बारेमा प्रकाश पारेका थिए । अन्ततः सबैमा अनुकरणीय प्रशिक्षकहरुका साथ यो निकै जानकारीमूलक कार्यक्रम थियो ।

## सिद्धार्थ बैंकको निक्षेप संकलन २३ अर्बले बढ्यो

काठमाडौं/मस-सिद्धार्थ बैंकले आर्थिक बर्ष २०७६/७७ को चौथो त्रैमासको अपरिष्कृत वित्तीय विवरण प्रकाशन गरेको छ । सो अनुसार आ.व. २०७६/७७ मा बैंकको निक्षेप रु. २३.४ अर्बले वृद्धि तथा रु. २.५ अर्बको ऋणपत्र निष्काशन गरी रु. २५.९ अर्बको स्रोत संकलन गर्न सफल भएको छ । त्यस्तै, सो आ.व. मा रु. १८.८८ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ । बैंकको कूल सम्पत्ति रु. १८२.६७ अर्ब रहेको छ जुन गत आ.व. भन्दा २०.५५ ले वृद्धि भएको छ । कोभिड(१९ महामारीको असरको बावजुत पनि बैंकले रु. ३.७९ अर्बको नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा आर्जन गर्न सफल भएको छ जुन गत आ.व. भन्दा रु. ३२ करोडले बढि हो । बैंकले रु. २.०९ अर्ब खुद मुनाफा आर्जन गरेको छ र सो मुनाफा मध्ये रु. ८७ करोड र ऋणपत्र परिपक्व भएको रकम सहित रु. १२४ करोड वितरणयोग्य रकम रहेको छ ।

## आइएमई पे र जनरल ईन्स्योरेन्सबीच सम्झौता

काठमाडौं/मस-आइएमई ग्रुपद्वारा प्रवर्द्धित आइएमई पे र जनरल इन्सोरेन्स कम्पनीबीच सम्झौता भएको छ । मंगलबार उक्त २ कम्पनीबीच एक कार्यक्रममा सम्झौता भएको हो । सम्झौता अनुसार आइएमई पेका सेवाग्राहीहरूले जनरल इन्सोरेन्स कम्पनी लिमिटेडको प्रिमियम पुनः भुक्तानीका लागि आइएमई पेका झण्डै २५ हजार एजेन्ट पार्टनरबाट सेवा लिन सक्नेछन् । झन्डै २५ हजार एजेण्ट आउटलेट संजाल भएको 'आइएमई पे' आइएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तीय सेवाप्रदायक उत्पादन हो ।

नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट विनियमावली-२०७२ बमोजिम आइएमई डिजिटलले दूरसञ्चार सञ्जालको माध्यमबाट मोबाइल वालेट सेवा प्रदान गर्ने अनुमति प्राप्त गरेको हो । यस्तो अनुमति पाउने आइएमई डिजिटल देशकै पहिलो भुक्तानी सेवा प्रदायक कम्पनी हो । आइएमई डिजिटलले ' आईएमई पे ' ब्रान्ड अन्तर्गत मोबाइल वालेट सेवा उपलब्ध गराउनेछ र यसको मद्दतबाट सेवाग्राही आफैले अथवा एजेन्टहरूको सहयोग लिएर मोबाइल मार्फत् विभिन्न किसिमका भुक्तानी सम्बन्धी कार्य गर्न सक्नेछन् । यसले व्यक्ति-व्यक्तिका बीचमा हुने सामान्य रकम ट्रान्सफर गर्ने सुविधादेखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोर हरूमा क्यु आर मार्फत भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने र विभिन्न घरयासी तथा कार्यालयका बीलहरू भुक्तानीमा सेवा प्रदान गर्दै आइरहेको छ । आइएमई डिजिटलले बैंकको सुविधाबाट वञ्चित तथा न्यून बैंकिङ्ग सुविधा प्राप्त नेपाली लगायत सम्पूर्ण सर्वसाधारण जनतालाई वित्तीय सेवाहरूको पहुँच उपलब्ध गराएर नेपालको वित्तीय समावेशीकरणमा योगदान पुर्‍याउने लक्ष्य लिएको छ ।

## मानुषी लघुवित्तको आइपीओ निष्काशन गर्न विक्री प्रबन्धकमा एसबीआई मर्चेन्ट नियुक्त

काठमाडौं/मस-मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको साधारण शेयरको (प्रारम्भिक) सार्वजनिक निष्काशन (आइपिओ) को विक्री प्रबन्धक तथा शेयर रजिष्ट्रारमा नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड नियुक्त गरेको छ ।

लघुवित्तको प्रति शेयर अंकित मूल्य रु. १ सय दरका ३ लाख कित्ता शेयर बराबर तीन करोड रुपैयाँबराबरको साधारण शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) को निष्काशन तथा विक्रीका लागि नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्त भएको हो ।

साथै उक्त संस्थाको शेयर रजिष्ट्रारमा पनि नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड नियुक्त गरेको छ । मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय सानोगौचरण, काठमाण्डौमा आज आयोजित एक समारोहबीच नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेडका तर्फबाट प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत रोशनी भारती र मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तथा शेयर रजिष्ट्रार सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड नेपाल एसबिआई बैंक लिमिटेडको पूर्ण स्वामित्व भएको सहायक कम्पनी हो ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**